नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
पो.व.नं.: ३९८७
सिंहदरवार, काठमाण्डौं

योजना अनुगमन तथा समन्वय महाशाखा ।

पत्र संख्या :-
चलानी नं. :-

२०८२/१२/२५
नेपाल संवत् ११४६

## सूचना

**चिडियाखाना वन्यजन्तु उद्वार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना तथा संचालन सम्वन्धी मापदण्ड २०८२ को मस्यौदा उपर राय/सुझाव सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मन्त्रीस्तर) को मिति २०८२/०१/२४ गते गठन भएको कार्यदलले तयार गरेको "चिडियाखाना वन्यजन्तु उद्वार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना तथा संचालन सम्वन्धी मापदण्ड, २०८२" को प्रस्तावित मस्यौदा (Web page https://mofe.gov.np/ मा राखिएको) उपर १५ दिन भित्र राय/सुझाव उपलव्ध गराईदिन हुन वन तथा वातावरण मन्त्रालयको (सचिवस्तर) मिति २०८२/१२ /२४ को निर्णयानुसार सवै सरोकारवालाहरुलाई अनुरोध गरिन्छ।

नवीन नाथ चालिसे
वन अधिकृत

# चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना तथा संचालन सम्बन्धी मापदण्ड, २०८२

**प्रस्तावनाः** वन्यजन्तुको परस्थानिय संरक्षण, वंशाणु स्रोत संरक्षण, अध्ययन, अनुसन्धान, संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन, वन्यजन्तु उद्धार, उद्धार गरी राखिएका वन्यजन्तुको संरक्षण र पुनर्स्थापन तथा वन्यजन्तु उपचारलाई सहज एवं व्यवस्थित गर्न वाच्छनीय भएकोले,

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ट. को अधिकार प्रयोग गरी नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र र वन्यजन्तु अस्पताल स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड, २०८२" रहेको छ ।

(२) यो मापदण्ड वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "अनुमतिपत्र" भन्नाले नियमावलीको नियम ३६(घ) को उपनियम (५) बमोजिम प्रदान गरिने अनुमतिपत्रलाई सम्झनु पर्छ।

(ख) "उद्धार केन्द्र" भन्नाले उद्धार गरिएका वन्यजन्तुको उपचार, संरक्षण, व्यवस्थापनको लागि आवश्यक न्यूनतम सुविधाको प्रवन्ध गरि छुट्याईएको/स्थापना गरिएको केन्द्र/क्षेत्रलाई सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, डिभिजन वन कार्यालय सम्झनु पर्छ।

(ङ) "चिडियाखाना" भन्नाले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु श्रोतको संरक्षण, अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुहरू परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थान सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय प्रचलन अनुसार स्थापना गरिने प्राणी उद्यान (जुलोजिकल गार्डेन) समेतलाई सम्झनु पर्छ ।

(च) "नियमावली" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० सम्झनु पर्छ ।

(छ) "प्राविधिक समिति" भन्नाले नियमावलीको नियम ३६(ङ) बमोजिमको प्राविधिक समिति सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(झ) "वन्यजन्तु उद्धार" भन्नाले घाइते तथा अशक्त, टुहुरा तथा समस्याग्रस्त वन्यजन्तुवाट धनजनको क्षति हुन नदिन, समुदायमा भय/त्रास न्यूनिकरण गर्न र वन्यजन्तुको हितमा गरिने कार्यलाई जनाउँदछ ।

(ञ) "वन्यजन्तु अस्पताल" भन्नाले रोगी वा घाईते वन्यजन्तुको औषधि, उपचार, स्याहार सुसार गर्नको लागी स्थापना गरिएको वन्यजन्तु अस्पताल सम्झनु पर्छ ।

DRAFT

(ट) "वासस्थल (इन्क्लोजर)" भन्नाले चिडियाखाना वा उद्धार केन्द्रमा वन्यजन्तुलाई सुरक्षित राख्न काठ, फलाम, वा अन्य यस्तै उपयुक्त धातु वा वस्तुको प्रयोग गरी बनाइएको छेकबार समेतको जीवजन्तु राखिने स्थानलाई सम्झनु पर्छ ।

(ठ) "विभाग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

(ड) "सञ्चालक" भन्नाले नियमावलीको नियम ३६घ. को उपनियम (५) बमोजिम अनुमति प्राप्त व्यक्ति, संस्था, निकाय वा स्थानिय तह सम्झनु पर्छ। सो शब्दले प्रदेश सरकार वा संघिय सरकारका निकायहरूलाई समेत बुझाउछ।

(ढ) "संरक्षित क्षेत्र" भन्नाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र र तिनको मध्यवर्ती क्षेत्रलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## चिडियाखानाको वर्गीकरण र स्थापना

३. **चिडियाखाना वर्गीकरणः** (१) चिडियाखानाको क्षेत्रफल, वन्यजन्तुको संख्या तथा अन्य सेवा सुविधाको आधारमा चिडियाखानाहरूलाई देहाय बमोजिम बर्गिकरण गरिनेछः-

(क) ठूला चिडियाखाना वा प्राणी उद्यानः कम्तिमा ५० हेक्टर क्षेत्रफल र कम्तिमा एक सय प्रजातिका वन्यजन्तु राखिने चिडियाखाना वा प्राणी उद्यान ।

(ख) मझौला चिडियाखानाः कम्तिमा २० हेक्टर क्षेत्रफल र कम्तिमा ४० प्रजातिका वन्यजन्तु राखिने चिडियाखाना वा प्राणी उद्यान ।

(ग) साना चिडियाखानाः कम्तिमा पाँच हेक्टर क्षेत्रफल र कम्तिमा १० प्रजातिका वन्यजन्तु राखिने चिडियाखाना वा प्राणी उद्यान ।

(२) उपदफा (१) बमोजिम स्थापना र सञ्चालन गरिने चिडियाखानामा वन्यजन्तुलाई आवश्यक पर्ने वासस्थलका आधारमा वन्यजन्तु प्रजाति मिलाई राख्न सकिनेछ । त्यस्ता चिडियाखानामा २० प्रतिशतसम्म वाह्य प्रजाति (Exotic species) राख्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम बर्गिकरण गरिएका साना र मझौला चिडियाखानाले सोही उपदफामा उल्लेखित मापदण्ड पुरा गरेमा साना चिडियाखानालाई मझौला र मझौला चिडियाखानालाई ठूला चिडियाखानामा स्तरोन्नती गर्न सकिनेछ ।

(४) व्यवस्थापनको आधारमा चिडियाखानालाई देहाय बमोजिम बर्गिकरण गरिनेछः-

(क) सरकारद्वारा व्यवस्थितः संघिय निकाय, प्रदेश स्तरिय निकाय र स्थानिय तहबाट स्थापना र सञ्चालन गरिने चिडियाखाना वा प्राणी उद्यान ।

(ख) संस्था वा अन्य निकायद्वारा व्यवस्थितः कानून बमोजिम स्थापना भएका संस्था वा निकायहरूबाट स्थापना र संचालन गरिने चिडियाखाना वा प्राणी उद्यान।

DRAFT

४. **<u>चिडियाखाना स्थापना सम्बन्धी व्यबस्थाः</u>** (१) चिडियाखाना स्थापना गर्न चाहने संस्था, निकाय वा स्थानिय तहले अनुमतिको लागि अनुसूची-१ को ढाँचामा निवेदनका साथमा नियमावलीको नियम ३६घ. को उपनियम (१) बमोजिम अनसूची-२ को ढाँचामा कार्ययोजना र अनुसूची- ३ को ढाँचामा व्यवसायिक योजना संलग्न राखी विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा प्राविधिक समितिले जाँचबुझ तथा मूल्याङ्कन गरी विभाग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ । त्यसरि जाँचबुझ तथा मुल्याङ्कन गर्दा प्राविधिक समितिले सम्बन्धित संरक्षित क्षेत्र कार्यालय वा डिभिजन वन कार्यालयबाट स्थलगत प्रतिवेदन माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राविधिक समितिबाट पेश हुन आएको प्रतिवेदन विभागले सिफारिस सहित मन्त्रालय समक्ष पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रतिवेदन समेतलाई मध्यनजर गरी मन्त्रालयले चिडियाखाना स्थापना गरी सञ्चालन गर्न अनुमति दिने वा नदिने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

(५) उपदफा (४) बमोजिम चिडियाखाना स्थापना गरी सञ्चालन गर्न अनुमति दिने निर्णय भएमा अनुमतिको अवधि एकपटकमा तीस बर्ष सम्मको हुनेछ । त्यस्ता चिडियाखानाको संचालकले थप अवधिको लागि पुन अनुमति माग गरेमा मुल्याङ्कनको आधारमा पुनः अनुमति प्रदान गर्न सकिनेछ ।

(६) उपदफा (४) बमोजिम चिडियाखाना स्थापना तथा सञ्चालन गर्न दिने निर्णय भएकोमा अनुसूची-४ बमोजिमको दस्तुर लिई विभागले नियमावलीको अनुसूची-२३ को ढाँचामा अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

(७) यो मापदण्ड लागु हुनु पूर्व कुनै संस्था, निकाय वा स्थानिय तहले व्यवस्थापन गरी आएका चिडियाखानाले एक वर्षभित्र यस मापदण्ड बमोजिमको प्रक्रिया पूरा गरी अनुमति लिनु पर्नेछ ।

तर नेपाल सरकारको स्वामित्वमा रहेका चिडियाखानाको हकमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार विभाग र सम्बन्धित संस्थाबीच भएको सम्झौता बमोजिम हुनेछ ।

(८) यस दफा बमोजिम अनुमति प्राप्त गरी चिडियाखाना स्थापना र सञ्चालन गर्न चाहने निजी संस्थाले निजी जग्गामा स्थापना र संचालन गर्नु पर्नेछ ।

(९) संघिय निकाय वा प्रदेश सरकार वा स्थानीय तहले यस दफा बमोजिम स्थापना र संचालन गरिने चिडियाखानाले प्रचलित कानून बमोजिम जग्गा प्राप्ति गरेको हुनु पर्नेछ ।

(१०) यस दफा बमोजिम चिडियाखाना स्थापना र सञ्चालन गर्दा राष्ट्रिय निकुञ्ज र आरक्षबाट कम्तिमा एक किलोमिटर टाढाको दुरीमा गर्नु पर्नेछ ।

(११) विभागले यस दफा अनुसार अनुमति लिई स्थापना र संचालन भएका चिडियाखानाको प्रत्येक दश बर्षमा आवधिक मुल्याङ्कन गर्नु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम मुल्याङ्कन गर्दा सुधार गर्नु पर्ने देखिएमा विभागले संचालकलाई सुधारको लागि निर्देशन दिन सक्नेछ । त्यसरि विभागले दिएको निर्देशन संचालकले पालना गर्नु पर्नेछ ।

५. **गुरुयोजना तयार गर्नु पर्नेः** (१) दफा (४) बमोजिम अनुमति प्राप्त चिडियाखाना सञ्चालकले चिडियाखानाको विकास, सुधार र स्तरोन्नतिको स्पष्ट मार्गचित्र प्रदान गर्ने गरी अनुसूची-५ को ढाँचामा गुरुयोजना तयार गर्नुपर्नेछ । त्यसरि तयार गरिने गुरूयोजनामा विपदको समयमा चिडियाखानाको व्यवस्थापन र संचालन गर्न विपद् जोखिम व्यवस्थापन योजना समेत समावेश गर्नु पर्नेछ ।

(२) संघिय निकाय, प्रदेश सरकार, स्थानीय तह वा संस्थाले उपदफा (१) बमोजिमको गुरूयोजना संघिय र प्रादेशिक निकायको हकमा एकतह माथिको निकायबाट, स्थानीय तहको हकमा सम्बन्धित स्थानिय तहको कार्यपालिका बैठकबाट र संस्थाको हकमा संचालक समितिबाट स्वीकृत गराई कार्यन्वयन गर्नु पर्नेछ ।

६. **वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेः** दफा ४ बमोजिम अनुमति प्राप्त गरि स्थापना र सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद- ३
## भौतिक पूर्वाधार सम्बन्धी व्यवस्था

७. **क्षेत्र विभाजनः** (१) चिडियाखानामा स्थापना र सञ्चालन गर्दा चिडियाखाना स्थापना गर्न प्रस्ताव गरिएको क्षेत्रलाई व्यवस्थापकिय हिसावले वन्यजन्तु वासस्थल, प्रशासनिक, वन्यजन्तुको वासस्थल, आवाश र अन्य क्षेत्रका रूपमा विभाजन गरि गुरूयोजनामा समावेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षेत्र विभाजन गर्दा कुल क्षेत्रफलको साधारणतय ५० प्रतिशत भू-भाग वन्यजन्तुको वासस्थलका लागि उपयोग गर्नु पर्नेछ ।

८. **कम्पाउण्ड निर्माण गर्नु पर्नेः** (१) चिडियाखानाभित्र कुनै पनि वन्यजन्तु, घरपालुवा जनावर वा पंक्षी तथा अनधिकृत रूपमा मानिस प्रवेश गर्न नसक्ने तथा चिडियाखानामा पालिएका वन्यजन्तु कुनै कारणले ईन्क्लोजरवाट बाहिर निस्किएको अवस्थामा भाग्न नमिल्ने गरी चिडियाखानाको वरिपरि कम्तिमा दुई मिटर अग्लो वलियो कम्पाउण्ड वाल निर्माण गर्नु पर्नेछ ।



DRAFT

(२) उपदफा (१) बमोजिम कम्पाउण्ड वाल निर्माण गर्दा सबै आवागमन मूख्य प्रवेश द्वारबाट हुने र दर्शकको आपतकालिन उद्धार एवं वन्यजन्तुको उद्धारका लागी उद्धार द्वार (Emergency Gate) को व्यवस्था भएको हुनु पर्नेछ ।

९. **<u>बाटोको संजाल र अन्य पूर्वाधार निर्माण गर्नु पर्ने:</u>** (१) दफा ४ बमोजिम अनुमति प्राप्त गरि स्थापना र सञ्चालन हुने चिडियाखानाले चिडियाखाना भित्र पर्यटक, कर्मचारी हिँडडुल गर्न, वन्यजन्तु एवं दाना आहारा ओसारपसार गर्न तथा सरसफाईका साधन जान मिल्ने गरि अपाङ्ग मैत्री पैदल मार्ग, सहायक बाटो र मूल बाटोको संजाल निर्माण गर्नु पर्नेछ ।

(२) दफा ४ बमोजिम अनुमति प्राप्त गरि स्थापना र सञ्चालन हुने चिडियाखानाले आवश्यकता अनुसार प्रवेश द्वार, टिकटघर, सुरक्षा जाँच घर, प्रशासनिक भवन, आहारा भण्डारण भवन, उपकरण भण्डारण भवन, शौचालय, पानी ट्याङ्की, पानी वितरणको संरचना, विद्युत आपुर्ति संरचना, आगन्तुक कक्ष, आवाश घर, मृत्यु भएका वन्यजन्तु व्यवस्थापन क्षेत्र, फोहरमैला व्यवस्थापन क्षेत्र, र चमेना घर जस्ता संरचना निर्माण गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको पूर्वाधार निर्माणका लागि जमिन मिलाउँदा भू-आकृतिको प्राकृतिक अवस्था र वातावरण कायम हुने गरी  गर्नु पर्नेछ ।

## परिच्छेद- ४

## <u>वन्यजन्तुको वासस्थान</u>

१०. **<u>वासस्थल (ईन्क्लोजर):</u>** (१) दफा ४ बमोजिम अनुमति प्राप्त गरी स्थापना र सञ्चालन हुने चिडियाखानामा राखिने वन्यजन्तुहरूको लागि अनुसूची-६ मा उल्लेख भएको नाप साईजका वासस्थल निर्माण गर्नु पर्नेछ । त्यसरि वासस्थल निर्माण गर्दा स्तनधारी, पक्षी, सरिसृप, उभयचर र जलचरको प्रदर्शनी स्थल सिलसिला मिलाएर खण्ड खण्डमा निर्माण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वासस्थल निर्माण गर्दा मांसाहारी र शाकाहारी वन्यजन्तुको अन्तरसम्बन्धका कारण एक अर्कालाई तनाव श्रृजना नहुने गरि निर्माण गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्माण गरिने वासस्थलमा रातमा रहने स्थान (Holding Area) र दिनमा आहार विहार गर्ने स्थान (Outdoor enclosure) जोडिएर रहेको हुनुपर्नेछ । बाह्य (Exotic) वन्यजन्तु प्रजातिको हकमा त्यसरि निर्माण गरिने वासस्थल सम्बन्धित वन्यजन्तुको आनिबानीलाई ध्यान दिई अन्तराष्ट्रिय मापदण्डहरूलाई आधार मानि निर्माण गर्नु पर्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम वासस्थल निर्माण गर्दा भित्री वासस्थलमा (Holding Area) प्रजातिको आनिबानी अनुकुल प्रकाश, हावा छिर्ने (भेन्टिलेशन), पानी पिउने, आहारा खाने, सुरक्षित तवरले वासस्थल फेर्ने, थुन्ने कम्पार्टमेन्टहरु हुनु पर्नेछ र वाहिरी वासस्थलमा प्रजातिको आनिबानी अनुसार आवश्यक पर्ने लुक्ने, खेल्ने, बच्चा लुकाउने, आहाल खेल्ने, घाम ताप्ने, पानी पिउने, आहारा दिने, विचरण गर्ने लगायतका स्थानको व्यवस्था हुनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम वासस्थल निर्माण गर्दा भुई खन्ने वन्यजन्तुहरुको लागि वनाईने ईन्क्लोजरहरुको भुई खनेर भाग्न नसक्ने गरी जमिन मुनी ढलान गरेको हुनु पर्नेछ । चितुवा, बाँदरजस्ता प्रजातिहरू तथा उडेर भाग्न सक्ने पंक्षी प्रजातिहरुको लागी भित्री र बाहिरी दुबै वासस्थलको आकासिय भाग समेत उपयूक्त वलियो जाली लगाएको हुनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम वासस्थल निर्माण गर्दा चिसो र तातो वातावरणमा पाईने वन्यजन्तुहरुको हकमा वातानुकुलित वासस्थलहरु समेतको व्यवस्था गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम वासस्थल निर्माण गर्दा सवै ईन्क्लोजरहरुमा सुरक्षित सरसफाई गर्नका लागि पार्टिसन गर्नु पर्नेछ र पानीको राम्रो निकास हुनु पर्नेछ ।

(८) उपदफा (१) बमोजिम वासस्थल निर्माण गर्दा ठूला वन्यजन्तुहरु बाहिरी वासस्थलबाट भित्री वासस्थलमा जानकोलागि हिंडने बाटोमा आवश्यकता अनुसार उपयूक्त तौलमापन गर्ने यन्त्र जडान गर्नु पर्नेछ । त्यसरी वासस्थल निर्माण गर्दा उपचारकालागि डार्ट हान्न पर्ने वन्यजन्तुको हकमा भित्री र बाहिरी वासस्थल दुवैमा विरामी वन्यजन्तु उपचारकालागि डार्ट हान्न मिल्ने र लड्डिएको जनावर वाहिर निकाल्न मिल्ने गरी निर्माण गरिएको हुनु पर्नेछ ।

(९) उपदफा (१) बमोजिम वासस्थल निर्माण गर्दा ठूला हिंस्रक वन्यजन्तुहरु (जस्तै बाघ, चितुवा, भालु) जस्तालाई आवश्यकता अनुसार भित्री वासस्थलमा ओहोरदोहोर गर्न मिल्ने गरि गर्नु पर्नेछ ।

(१०) उपदफा (१) बमोजिम वासस्थल निर्माण गर्दा रातिमात्र सक्रिय हुने प्रजातिहरुलाई सोहि अनुसारको वासस्थल उपलब्ध गराउनु पर्नेछ ।

(११) उपदफा (१) बमोजिम वासस्थल निर्माण गर्दा वच्चा र टुहुरा वन्यजन्तु हुर्काउन वन्यजन्तु नर्सरी ईकाईको व्यवस्था गर्नु पर्नेछ ।

(१२) उपदफा (१) बमोजिम वासस्थल निर्माण गर्दा वन्यजन्तु राखिने वासस्थल सकभर सो प्रजातिको प्राकृतिक वासस्थानको प्रतिनिधित्व गर्ने खालको हुनु पर्नेछ ।

(१३) उपदफा (१) बमोजिम वासस्थल निर्माण गर्दा बिरामी, रोग लागेका, एकआपसमा जुधेर घाईते भएका वा टुहुरा वच्चा वन्यजन्तुहरुलाई समुहबाट छुट्टै राख्ने सुरक्षित स्थलको व्यवस्था गर्नु पर्नेछ ।

(१४) उपदफा (१) बमोजिम वासस्थल निर्माण गर्दा वन्यजन्तु, चिडियाखानामा काम गर्ने कर्मचारी र आगन्तुकको सुरक्षाको सिद्धान्त बमोजिम गर्नुपर्नेछ ।

११. **<u>वन्यजन्तुको समुहगत खण्ड (सेक्सन) व्यवस्था गर्नु पर्ने:</u>** (१) चिडियाखानाको सामान्य प्रशासनिक व्यवस्थापनकालागि वन्यजन्तु प्रजातिहरुको पारिरिस्थिकीय वा क्षेत्रिय (ट्रपिकल, पहाडी, उच्च हिमाली, रिभराईन) समूह झल्किने गरी ठूला मांशाहारी (Large carnivores), साना मांशाहारी (Small carnivores), ठूला

DRAFT

शाकाहारी (Mega herbivores), साना शाकाहारी (Small herbivores), एण्टिलोप प्रजाति (Antelopes), मृग समूह (Deer), बाँदर समूह (Primates), सरीसृप (Reptiles), उभयचर (Amphibians), पंछि प्रजातिहरु (Aves), जलिय प्रजाति (Aquatic) र किराफट्याङ्ग्रालाई समेट्ने गरि समुहगत खण्ड विभाजन गरिएको हुनु पर्नेछ । त्यसरी समुहगत खण्ड व्यवस्था गर्दा मांशाहारी प्रजाति र शाकाहारी प्रजाति आमने सामने नपर्ने गरी वा एक आपसमा तनाव नहुने गरी खण्ड छुट्याउनु पर्नेछ ।

१२. <u>**वन्यजन्तुका लागि पाँच स्वतन्त्रता कायम गर्नु पर्नेः**</u> (१) दफा १० र ११ बमोजिम चिडियाखानामा रहने वन्यजन्तुहरुको वासस्थल निर्माण गर्दा वा समुहगत खण्ड व्यवस्था गर्दा वन्यजन्तुलाई उचित आहारा, पोषण र पानीको उपलब्धता, पिडा र रोगब्याधीबाट उन्मुक्ति, आवश्यक औषधोपचार, प्राकृतिक स्वभाव ब्यक्त गर्न सक्ने वातावरण र अनावश्यक भय एवं त्रास नहुने वातावरण प्रदान गर्नु पर्नेछ ।

(२) दफा १० बमोजिमको वासस्थल वा दफा ११ बमोजिम सेक्सनमा राख्दा वन्यजन्तु प्रजातिको आनिबानी अनुसार भाले र पोथिको जोडि मिलाई राखु पर्नेछ ।

(३) दफा १० बमोजिमको वासस्थल वा दफा ११ बमोजिम सेक्सनमा राख्दा समूहमा रहने प्रजातिहरूलाई समूहमा आवश्यक संख्यामा भाले पोथी अनुपात मिलाई राखु पर्नेछ।

(४) घाईते, बिरामी र तत्काल उद्धार गरिएका वन्यजन्तुलाई प्रदर्शनीमा राख्नु हुँदैन ।

(५) वन्यजन्तुको वासस्थलबाट आगन्तुकले अवलोकन गर्ने स्थान सम्मको दुरी कम्तिमा एक दशमलव पाँच मिटर कायम गर्नु पर्नेछ । त्यसको लागि वन्यजन्तुको वासस्थलको बाहिरी घेराबाट एक दशमलव पाँच मिटरको दूरीमा सुरक्षा अवरोध राखु पर्ने छ ।

१३. <u>**वन्यजन्तु ओसारपसार गर्न केजको ब्यवस्था गर्नु पर्नेः**</u> (१) हरेक चिडियाखानाले बाहिरबाट उद्धार गरी ल्याउन चिडियाखाना भित्रै वा उपचार गर्न वन्यजन्तु अस्पताल सम्म लैजान वा उपचार पछि पुनर्स्थापना गर्न ढुवानीका लागि प्रजाति अनुसारका उपयुक्त सुरक्षित केज निर्माण गरी राखु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम केज निर्माण गर्दा काठ, फलाम वा गेभिन तार प्रयोग गर्न सकिने छ तर सुरक्षित, सजिलै मलमूत्र वाहिर निस्कने र वन्यजन्तु लाई चोटपटक नलाग्ने किसिमको हुनु पर्नेछ ।

## परिच्छेद- ५

## <u>वन्यजन्तुको लागि आहारा र पानीको व्यवस्था</u>

१४. <u>**वन्यजन्तुको आहारा व्यवस्थाः**</u>(१) दफा ४ बमोजिम अनुमति प्राप्त गरि स्थापना र सञ्चालन हुने चिडियाखानाले वन्यजन्तु प्रजाति अनुसार प्रत्येक दिन दिईने आहारा अनुसूची-७ बमोजिमको चार्टको आधारमा तयार गर्नु पर्नेछ ।

(२) चिडियाखानाले उपदफा (१) बमोजिम तयार गरिएको चार्ट बमोजिमको ताजा, सफा, गुणस्तरीय र स्वस्थवर्धक आहारा दैनिक वा आवश्यकता अनुसार समय तालिका बनाई नियमित रूपमा वन्यजन्तुलाई खुवाउनु पर्नेछ ।

(३) चिडियाखानाले उपदफा (१) बमोजिम तयार गरिएको चार्ट बमोजिमका छिट्टै बिग्रने आहारा पदार्थहरु तन्दुरूस्त राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) संचालकले उपदफा (१) बमोजिम तयार गरिएको चार्ट अनुसारका उमाल्नुपर्ने, निसंक्रमण गर्नुपर्ने, पकाउनुपर्ने, घोल्नुपर्ने, मिश्रण गर्नुपर्ने आहारा पदार्थहरु सम्बन्धित सेक्सनमा तयार गरी उचित भण्डारणमा राखि वन्यजन्तुलाई खुवाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम तयार गरिएको चार्ट अनुसारका शाकाहारी वन्यजन्तुहरुलाई चिडियाखानाको जग्गामा घाँस खेति गरी उत्पादन गर्न सक्नेछ ।

(६) संचालकले वाढी, पैह्रो, सडक अवरोध, विद्युत कटौति, भूईचालो, आगलागी जस्ता विपद्को अवस्थामा समेत वन्यजन्तुलाई उपदफा (१) बमोजिम तयार गरिएको चार्ट बमोजिम आहारा उपलब्ध गराउन सकिने गरी आहारा भण्डारणमा रहने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) संचालकले वन्यजन्तुको प्रजाती र आनिबानी अनुसार आहाल खेल्न, पानी पिउन, नुहाउन र वासस्थानको सरसफाईका लागि आवश्यक पर्ने सफा पानी नियमित उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद- ६
## वन्यजन्तु अवलोकन

१५. **सूचना कक्ष र सूचना बोर्ड बनाउनु पर्ने:** (१) चिडियाखानाका आगन्तुकलाई चिडियाखानाको बिषयमा जानकारी गराउने गरी मुख्य प्रवेशद्धार नजिकै सुचना कक्षको स्थापना गरी सुचना उपलब्ध गराउनु पर्नेछ ।

(२) चिडियाखाना संचालकले प्रत्येक वन्यजन्तुको वासस्थलमा प्रजातिको जैविक तथा अन्य सूचना सहितको सूचनाबोर्ड तयार गरी राख्नु पर्नेछ ।

१६. **वन्यजन्तु अवलोकन:** दफा ४ बमोजिम स्थापना र सञ्चालन गरिने चिडियाखानामा वन्यजन्तु अवलोकनका लागि देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछः-

(क) प्रजातिको वासस्थलसम्म अवलोकनका लागि जान उचित मार्ग निर्माण गर्नु पर्ने,
(ख) वन्यजन्तु अवलोकनमा जाने आगन्तुकको एकोहोरो सवारी हुनेगरी बाटो तयार गर्नु पर्ने,
(ग) आगन्तुक जान नमिल्ने स्थान ईङ्कित गरी सुचना पाटी राख्नु पर्ने,
(घ) हरेक वासस्थलमा जाने वाटोको चिन्ह, वन्यजन्तुको प्रजाति, संख्या, खतरा र अन्य विषयको सुचना बोर्ड राख्नु पर्ने,

(ङ) यथोचित स्थानहरुमा खानेपानी, शौचालय, खाजा घर र विश्राम स्थलहरु निर्माण गर्नु पर्ने,

(च) वन्यजन्तुहरुबाट दर्शकहरु पूर्ण सुरक्षित महशुस गर्न सक्ने वातावरण मिलाउनु पर्ने,

(छ) वन्यजन्तु वासस्थलबाट दर्शक क्षेत्रतिर निस्कन नमिल्ने गरी उपयूक्त पर्खाल, घेरावार, जाली वा विद्युतिय तारवारको व्यवस्था गर्नु पर्ने,

(ज) दर्शकको सुविधाको लागि जनावर अवलोकन गर्ने उचित स्थान (Viewing Deck) निर्माण गर्नु पर्ने,

(झ) चिडियाखानाको संरचनाहरू लैंगिक तथा अपाङ्गमैत्री हुनु पर्ने,

(ञ) आवश्यकता अनुसार वन्यजन्तुको वास्थलबाट १.५ मिटरको दुरीमा सुख्खा मोट (Dry Moat) वा पानी भरिएको मोट (Wet Moat) निर्माण गर्नु पर्ने,

(ट) आगन्तुकले घरपालुवा जिवजन्तुहरु साथमा लिई चिडियाखाना भित्र जान नपाउने व्यवस्था गर्नु पर्ने,

(ठ) अपाङ्ग र वृद्ध वृद्धाकालागि वातावरण मैत्री यातायातको व्यवस्था गर्नु पर्ने,

(ड) चिडियाखानामा भ्रमण गर्ने आगन्तुकको लागि Code of Conduct बनाई लागु गर्नु पर्ने,

(ढ) मुख्य प्रवेशद्वारमा दर्शकहरूको जुत्ता निसंक्रमण गर्ने व्यवस्था गर्नु पर्ने,

(ण) सूर्योदय देखी सूर्यस्त सम्म मात्र वन्यजन्तु अवलोकन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

(त) आगन्तुकले वन्यजन्तुलाई खाना खुवाउन नपाउने व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद- ७

## चिडियाखानाको लागि आवश्यक जनशक्ति र सुरक्षा व्यवस्था

१७. **जनशक्तिको व्यवस्था गर्नु पर्ने:** (१) दफा ४ बमोजिम स्थापना र संचालन गरिने चिडियाखानाको संचालकले अनुसूचि-८ बमोजिम जनशक्तिको व्यवस्था गर्नु पर्नेछ ।

(२) संचालकले उपदफा (१) बमोजिमका जनशक्तिको कार्य विवरण तयार गरी लागु गर्नु पर्नेछ ।

१८. **सुरक्षा व्यवस्था:** (१) दफा ४ बमोजिम स्थापना र सञ्चालन गरिने चिडियाखाना, चिडियाखानामा रहने वन्यजन्तु, कर्मचारी, आगन्तुक तथा भौतिक संरचनाहरुको सुरक्षाको व्यवस्था संचालकले गर्नु पर्नेछ । त्यसरी सुरक्षा प्रदान गर्न सुरक्षा जनशक्ति समेत सम्बन्धित संचालकले व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम चिडियाखानाको सुरक्षाको लागि आवश्यकता अनुसार क्लोज सर्किट क्यामेरा, स्क्यानर मेसिन, वार्निङ्ग साईरन जस्ता प्रविधिको प्रयोग गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सुरक्षा व्यवस्था कायम गरे नगरेको सम्बन्धमा स्थानिय सुरक्षा निकायले अनुगमन गर्न सक्नेछ ।

(४) दफा ४ बमोजिम स्थापना र संचालन गरिने चिडियाखानामा रहेका वन्यजन्तुहरू चोर्ने, घाईते बनाउने, मार्ने वा अन्य भौतिक संरचनाहरूमा क्षति पुर्याउने क्रियाकलापको अनुसन्धान तथा तहकिकात

सम्बन्धित डिभिजन वन कार्यालय वा संरक्षित क्षेत्र कार्यालयबाट हुनेछ । त्यसरी अनुसन्धान तहकिकात गर्दा सम्बन्धित प्रहरी कार्यालयको सहयोग लिन सकिनेछ ।

(५) चिडियाखानाका संचालकले वाढी, पैह्रो, सडक अवरोध, विद्युत कटौति, भूईचालो, आगलागी जस्ता विपद्को अवस्थामा चिडियाखाना र चिडियाखानामा रहेका वन्यजन्तुहरुको सुरक्षाका लागि पूर्व तयारी र विपद्को समयमा आवश्यक पर्ने अनुसूची-९ बमोजिमका उपकरणको व्यवस्था गरी विपद्को समयमा पहुँच हुने स्थानमा राख्नु पर्नेछ ।

१९. **जैविक सुरक्षा सम्बन्धी व्यवस्थाः** दफा ४ बमोजिम स्थापना र संचालन गरिने चिडियाखानामा देहाय बमोजिम जैविक सुरक्षा कायम गर्नु पर्नेछः-

(क) चिडियाखानाको आगन्तुक प्रवेश गर्ने मूल प्रवेशद्वारबाट प्रवेश गर्दा वा बाहिर निस्कदा निःसंक्रमण गर्ने व्यवस्था हुनु पर्नेछ ।

(ख) चिडियाखानाको वन्यजन्तु राखिने वासस्थल (इन्क्लोजर) देखि अन्य कुनै व्यवस्थापन इकाई, कार्यालय भवन, कामदार आवास, सुरक्षा गार्ड इकाई, दाना भण्डारण कक्ष, जैविक खाडल, आदिको दुरी कम्तिमा दश मिटर टाढा हुनु पर्नेछ ।

(ग) ठूला र मझौला चिडियाखाना सञ्चालन हुने जग्गाको साँध सिमानाबाट कम्तिमा दश मिटर छोडेर मात्र वासस्थल (इन्क्लोजर) निर्माण गर्नु पर्नेछ ।

(घ) चिडियाखानामा कुनै किसिमको संक्रामक रोग फैलिएमा सञ्चालकले सोको सूचना तत्काल सम्बन्धित डिभिजन वन कार्यालय वा संरक्षित क्षेत्र कार्यालय, सम्बन्धित स्थानीय तह तथा नजिकको पशु सेवा कार्यालयमा दिनु पर्नेछ ।

(ङ) चिडियाखानामा खटिएका कर्मचारी, अनुगमनको क्रममा आउने कर्मचारी र अन्य आगन्तुक मानिसबाट वन्यजन्तुमा र वन्यजन्तुबाट मानिसमा रोग सर्न नदिन आवश्यक औषधी, निःसंक्रमण गर्ने, रोग प्रतिरोधात्मक उपकरण तथा अन्य साधन वा सामाग्री वा विज्ञ सेवाको व्यवस्थापन गर्ने दायित्व तथा जिम्मेवारी सञ्चालकको हुनेछ

## परिच्छेद- ८

## सरसफाई र फोहरमैला व्यवस्थापन

२०. **सरसफाईको व्यवस्थाः** (१) दफा ४ बमोजिम स्थापना र सञ्चालन गरिने चिडियाखानामा देहाय बमोजिम सरसफाईको व्यवस्था गर्नु पर्नेछः-

(क) वन्यजन्तु वासस्थल प्रत्येक दिन सफाई गर्नु पर्ने,

(ख) वन्यजन्तुले नखाएर फालिएका घाँसपात, वन्यजन्तुहरुको गोबर, दिसा, मल, आदि विशेष विसर्जन स्थान बनाई संकलन र व्यवस्थापन गर्नु पर्ने,

(ग) दर्शक हिंड्ने बाटो, बगैचा र अन्य सार्वजनिक स्थलहरु सफा र आकर्षक राख्नु पर्ने र प्लास्टिक जन्य फोहर संकलन गर्न फोहर डिस्पोजल बिनहरुको व्यवस्था गर्नु पर्ने,

(घ) झोल फोहरहरु प्रषोधन र शुद्धिकरण गरेर मात्र पठाउने व्यवस्था गर्नु पर्ने र ठोस फोहरहरु सम्बन्धित स्थानिय तहसंग समन्वय गरी विसर्जनको व्यवस्था गर्नु पर्ने,

(ङ) वन्यजन्तुहरुले नखाई फालेका छिटो गल्ने र दुर्गन्धित हुन सक्ने दाना पदार्थहरु वन्यजन्तुको वासस्थलबाट तत्काल हटाउने व्यवस्था गर्नु पर्ने,

(च) मृत्यु भएका वन्यजन्तुको गहिरो खाडल खनी सिनु झिक्न नमिल्ने गरी व्यवस्थापन गर्नु पर्ने,

(छ) इन्क्लोजर वरिपरि व्यवस्थित ढलको व्यवस्था गरिएको हुनुपर्ने र इन्क्लोजरबाट निस्कने फोहर तथा पानी व्यवस्थित रुपमा प्रशोधन वा उपचार गरेर मात्र निकास गर्नु पर्ने,

(ज) फोहोरको उचित व्यवस्थापन नभएको कारणबाट कुनै रोग वा वन्यजन्तुको स्वास्थ्यमा असर पर्न गएमा सोको जिम्मेवार सञ्चालक स्वयम हुने,

(झ) न्यूनतम फोहर उत्पादन हुने र फोहर उत्पादन घटाउने, पुन प्रयोग गर्ने र पुन चक्रिय प्रयोग गर्न (3R) को सिद्धान्त बमोजिमको व्यवस्था मिलाउने,

(ञ)

२१. **वन्यजन्तु प्राप्ति, प्रजनन तथा आदान प्रदान सम्बन्धी व्यवस्थाः** (१) दफा ४ बमोजिम स्थापना र संचालन चिडियाखानाले नियमावली बमोजिमको विस्तृत कार्ययोजना सहित अनुसूची अनुसूची-१० बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन सम्बन्धमा प्राविधिक समितिले जाँचबुझ तथा मूल्याङ्कन गर्दा यस मापदण्ड बमोजिम भएको देखिएमा विभाग समक्ष प्रतिवेदन पेश गर्नेछ र त्यस्तो प्रतिवेदन विभागले सिफारिस सहित मन्त्रालय समक्ष पेश गर्नेछ ।

(३) उपनियम (२) बमोजिम विभागको सिफारिसका आधारमा मन्त्रालयले चिडियाखानामा शैक्षिक प्रदर्शनको लागि कुनै प्रजातिको वन्यजन्तु प्रदान गर्ने नगर्ने सम्बन्धमा निर्णय गर्नेछ ।

(४) उपदफा (३) बमोजिम वन्यजन्तु प्रदान गर्ने निर्णय भएमा विभागले नियमावली बमोजिमको दस्तुर लिई वन्यजन्तु संकलन र चिडियाखानामा शैक्षिक प्रदर्शनीको लागि अनुसूची-११ को ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम वन्यजन्तु संकलन गर्दा लाग्ने सम्पूर्ण खर्च वन्यजन्तु प्राप्त गर्ने चिडियाखाना संचालकले व्यहोर्नु पर्नेछ ।

(६) यस मापदण्ड बमोजिम स्थापना र संचालन भएको चिडियाखानामा जन्मिएका वन्यजन्तुहरू अर्को चिडियाखानामा आदानप्रदान गर्दा विभागको अनुमतिमा आदान प्रदान गर्न सकिनेछ ।

DRAFT

(७) यस मापदण्ड बमोजिम स्थापना र सञ्चालन भएका चिडियाखानाले डिभिजन वन कार्यालय वा संरक्षित क्षेत्र कार्यालयले अनुरोध गरेमा उद्धार गरिएका वन्यजन्तुहरूलाई पालन पोषण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(८) संचालकले चिडियाखानामा प्राप्त हुने नयाँ वन्यजन्तुलाई क्वारेन्टाईन कक्षमा राखी स्वास्थ्य जाँच पश्चात मात्र प्रदर्शनिमा राख्नु पर्नेछ ।

२२. **वन्यजन्तुको विवरण राख्नु पर्नेः** (१) संचालकले चिडियाखानामा रहेका वन्यजन्तुको प्राप्ति, जन्म, मृत्यु, पालनपोषण र उपचार सम्बन्धी अभिलेख अनुसूची-१२ बमोजिमको ढाँचामा दुरुस्त राख्नु पर्नेछ ।

(२) संचालकले उपदफा (१) बमोजिमको अभिलेख बार्षिक रूपमा आर्थिक बर्ष समाप्त भएको दुई महिना भित्र विभाग समक्ष पेश गर्नु पर्नेछ । त्यसको जानकारी सम्बन्धित डिभिजन वन कार्यालय र संरक्षित क्षेत्र कार्यालयलाई समेत दिनु पर्नेछ ।

## परिच्छेद- ९

## वन्यजन्तुको उद्धार सम्बन्धी व्यवस्था

२३. **वन्यजन्तुको उद्धार गर्न सकिनेः** (१) विभिन्न कारणबाट घाइते, असक्त, टुहुरा, असहाय तथा समस्याग्रस्त वन्यजन्तुको संरक्षण, उपचार तथा व्यवस्थापनको लागि उद्धार स्थलबाट उद्धार गर्न सकिनेछ ।

*पुनश्चः* यस उपदफा बमोजिम उद्धारस्थल भन्नाले भन्नाले घाइते, अशक्त, टुहुरा, असाय तथा समस्याग्रस्त वन्यजन्तुको उद्दार गरिने क्षेत्र वा स्थानलाई सम्झनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तु उद्धार गर्दा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानिय तह वा राष्ट्रिय प्रकृति संरक्षण कोषमा कार्यरत रहेको वन्यजन्तु उद्धार सम्बन्धी अनुभव र तालिमप्राप्त जनशक्ति वा वन्यजन्तु प्राविधिक बाट वन्यजन्तुको उद्धार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जनशक्तिबाट वन्यजन्तुको उद्धार गर्दा वन्यजन्तुको किसिम तथा आनिबानी अनुसार भौतिक वा औषधीय विधिबाट गर्न सकिनेछ । त्यसरी वन्यजन्तु उद्धार गर्नु पूर्व ड्रोन, क्लोज सर्किट क्यामेरा तथा क्यामेरा ट्र्याप जस्ता प्रविधिको प्रयोग गरी वन्यजन्तुको अवस्थिति पहिचान गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम औषधीय विधिबाट वन्यजन्तुको उद्धार गर्दा वन्यजन्तुको प्रजाति अनुसार लठ्याउन प्रयोग गरिने औषधिको मात्रा पशुचिकित्सक वा पशु स्वास्थ्य प्राविधिकबाट तयार गराई प्रयोग गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम औषधिय विधि प्रयोग गरी वन्यजन्तुको उद्धार गर्दा वन्यजन्तुलाई लठ्याउन डार्ट गर्नु पूर्व, लठ्ठिने अवधि, लठ्ठिएको वन्यजन्तुको उद्धार स्थलमा व्यवस्थापन गर्दा देहायको विषयहरूलाई ध्यान दिनु पर्नेछः-

DRAFT

(क) लठयाउनु पर्ने वन्यजन्तुलाई नियन्त्रणमा लिनु भन्दा अगाडि सुरक्षाका दृष्टिकोणबाट मानिसलाई हानी नोक्सानी नहुने अवस्था सुनिश्चित गर्ने,

(ख) लठ्याउने कार्य रुख/मचान/तालिम प्राप्त हात्ती/गाडी आदि जस्ता सुरक्षित स्थानमा बसेर गर्नु पर्ने,

(ग) लठ्याउने कार्य वन्यजन्तुको आनिबानी थाहा पाएका अनुभवी प्राविधिक वा पशु चिकित्सकको नेतृत्वमा पानीको स्रोत भन्दा टाढा गर्नु पर्ने,

(घ) डार्ट गर्दा वन्यजन्तुको अगाडि र पछाडि खुट्टाको मासु भएको भागमा गर्नु पर्ने,

(ङ) सम्भव भए सम्म विहानको समयमा वन्यजन्तुलाई डार्ट गर्नु पर्ने,

(च) डार्ट गरिसकेपछि वन्यजन्तु लठ्िनको लागि कम्तिमा १० देखि १५ मिनेट समय लाग्ने भएकाले सो अवधिमा जनावरलाई कुनै किसिमको वाधा अवरोध गर्न नहुने,

(छ) उद्धार टोलीले आफ्नो सुरक्षालाई ध्यान दिई वन्यजन्तु पूर्ण रुपमा लठ्ठिएर नढले सम्म नजिकबाट प्रत्येक गतिविधीको ख्याल गर्नु पर्ने,

(ज) वन्यजन्तु प्राविधिकले लठ्ठिएर ढलेको वन्यजन्तुको नजिकमा शान्त भएर गई  उक्त वन्यजन्तु पूर्ण रुपमा लठ्ठिए नलठ्ठिएको एकिन गर्नु पर्ने,

(झ) वन्यजन्तुको शरिरमा लागेको डार्ट सिरिञ्ज हटाई शारिरिक र स्वास्थ्य सम्बन्धी रेकर्ड लिनु पर्ने,

(ञ) वन्यजन्तु ढलेको अवस्था ठिक भए नभएको सुनिश्चित गरी श्वासप्रश्वास, रक्त सञ्चार तथा शारिरीक तापक्रमको गति जाँच गर्नु पर्ने,

(ट) वन्यजन्तुलाई प्रत्यक्ष घाम, धुलो र चोटपटकबाट बचाउनको लागि आंखा र कान कालो कपडाले छोप्नु पर्ने,

(ठ) अत्याधिक गर्मी भएको अवस्थामा भिजाइएको कपडाले वन्यजन्तुको शरिरलाइ ढाकि दिनु पर्ने,

(ड) वन्यजन्तु लठ्ठिएर ढलेको स्थान पानी, दलदल, झाडी, भौगोलिक अवस्थाका कारणले सोही स्थानमानै राखी तत्कालको प्राथमिक उपचार र व्यवस्थापन गर्न कठिन देखिएमा नजिकैको उपयुक्त स्थानमा लगेर गर्नु पर्ने,

(ढ) कुनै व्यक्ति वा संस्थाको निजी आवासबाट वन्यजन्तुको उद्धार गर्नु पर्ने भएमा सम्बन्धित घरधनीसंगको समन्वयमा उद्धार गर्नु पर्ने,

(ण) यस सम्बन्धमा फिल्डमा खटिएको प्राविधिक टोलीको प्रमुखले अवस्था अनुसार स्थलगत रुपमै उपयुक्त निर्णय लिन सक्नेछ र सो को जानकारी तत्काल सम्बन्धित डिभिजन वन कार्यालय वा संरक्षित क्षेत्र कार्यालयलाई गराउनु पर्ने ।

DRAFT

२४. **<u>स्थानीय समुदाय, उद्धार कर्ता र वन्यजन्तुको सुरक्षा सम्बन्धी व्यवस्थाः</u>** (१) दफा २३ बमोजिम वन्यजन्तु उद्धार गर्दा स्थानीय समुदाय, उद्धारकर्ता, उद्धारमा प्रयोग हुने साधन र वन्यजन्तुलाई क्षति नपुग्ने गरी दफा २३ को उपदफा (२) बमोजिमका उद्धारकर्ताबाट सावधानी अपनाई गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तु उद्धार गर्दा आवश्यकता अनुसार सुरक्षा निकायसँग समन्वय गरी गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम वन्यजन्तु उद्धार गर्दा सुरक्षा माग भएमा स्थानिय प्रशासनबाट आवश्यकता अनुसार सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम वन्यजन्तु उद्धारको कार्यलाई सहज बनाउन सम्वन्धित स्थानिय तह, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति वा मध्यवर्ती उपभोक्ता समिति वा मध्यवर्ती उपभोक्ता समुह, संरक्षण क्षेत्र व्यवस्थापन परिषद् वा व्यवस्थापन समिति, संरक्षण उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समुह वा अन्य समुदायमा आधारित संस्थाहरूले आवश्यक सहयोग गर्नु पर्नेछ ।

२५. **<u>उद्धार गरिएका वन्यजन्तुको व्यवस्थापनः</u>** (१) दफा २३ बमोजिम उद्धार गरिएको वन्यजन्तुको स्वास्थ अवस्था सामान्य रहेको र सुरक्षाका हिसावले संवेदनशील नरहेको अवस्थामा प्राकृतिक वासस्थानमा तत्काल छाड्न सकिनेछ ।

(२) दफा २३ बमोजिमको उद्धार गरिएको वन्यजन्तुलाई उपचार, पालनपोषण गर्नु पर्ने भएमा उद्धार केन्द्रमा राखी उपचार, पालनपोषण पश्चात प्राकृतिक वासस्थानमा छाड्न उपयुक्त देखिएमा छाड्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्राकृतिक वासस्थानमा छाडिने वन्यजन्तुको अनुगमन तथा अनुसन्धान प्रयोजनका लागि प्राविधिक उपकरण (Collar, Chips, Tag, Marking जस्ता) जडान गरी छाड्न सकिनेछ ।

(४) उद्धार गरिएका वन्यजन्तुको उपचार गर्दा रोग निदान गर्न नमुना संकलन तथा प्रयोगशाला परिक्षण गर्न सकिनेछ ।

(५) वन्यजन्तुको उमेर, स्वास्थ्य अवस्था लगायतका कारणले प्राकृतिक वसस्थानमा पुनर्स्थापना गर्न नसकिने वन्यजन्तुलाई उद्धार केन्द्रमा राखी पालनपोषण र उपचार गर्नु पर्नेछ ।

(६) दफा २३ बमोजिम उद्धार गरिएको स्वस्थ वन्यजन्तुलाई आवश्यकता अनुसार व्यवसायिक रूपमा वन्यजन्तु पालन तथा प्रजननका लागी वीऊ प्राणीको रूपमा वा संरक्षण शिक्षा र आमोदप्रमोदका लागि चिडियाखानालाई उपलब्ध गराउन सकिनेछ ।

(७) दफा २३ बमोजिम उद्धार गरिएका वन्यजन्तु एक स्थानबाट अर्को स्थानमा लैंजान देहाय बमोजिमको खोरको व्यवस्था गर्नु पर्नेछः-

DRAFT

(क) खोरमा हावा आवतजावत गर्ने र वन्यजन्तुको अधिकतम आकार बमोजिम स्टील, फलाम वा काठ एवं आवश्यकता अनुसार मेसजाली, फलामे बार आदि समेतको प्रयोगबाट वन्यजन्तुलाई असर नहुने, बोक्न, उठाउन सकिने र समात्ने ठाउँ भएको,

(ख) बाहिरबाट वन्यजन्तुलाई क्षति नहुने तथा वन्यजन्तुको अंग बाहिर ननिस्कने र सहज रूपमा हावा आवतजावत हुने गरी निर्माण भएको खोर,

(ग) खोरमा जनावर घुम्न, फर्किन नमिल्ने र खोरको उचाईको हकमा वन्यजन्तु उभिंदा कम्तिमा १० से.मी.को खाली ठाउँ रहने गरी तयार गरिएको,

(ग) खोरको भित्री भाग वन्यजन्तु नचिप्लने तथा वन्यजन्तुलाई घाउ चोटपटक नलाग्ने गरी तयार भएको,

(घ) वन्यजन्तुको दिसा पिसाव लगायतको फोहोरमैला खोरको तल्लो भागमा संकलन हुने व्यवस्था भएको,

(ङ) वन्यजन्तुको खाना, पानी आदिको लागि खोरभित्र राख्न मिल्ने गरी बनाईएको,

(च) माथि उल्लेख भएका कुराहरुको अतिरिक्त प्राविधिक दृष्टिकोणले उपयुक्त ठानिएका कुराहरु समावेश भएको,

(छ) ओसारपसारमा प्रयोग हुने सवारी साधन तथा वन्यजन्तु एम्बुलेन्सको नापसाईज अनुसार उपयुक्त,

(८) दफा २३ बमोजिम उद्धार गरिएका वन्यजन्तु एक स्थानबाट अर्को स्थानमा लैंजादा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) पशु चिकित्सक र वन्यजन्तु प्राविधिक टोलीको प्रत्यक्ष निगरानी हुनु पर्ने,

(ख) उद्धार गरिएको वन्यजन्तु घाइते/अशक्त/भाग्ने अवस्था भएमा पशु चिकित्सक र वन्यजन्तु प्राविधिक टोलीले आवश्यकता अनुसार तत्कालै उपचार तथा नियन्त्रणमा लिने कार्य गर्न सक्ने,

(ग) उद्धार गरिएको वन्यजन्तुलाई बाटोमा कुनै पनि किसिमबाट तनाव नहुने गरी लैजानु पर्ने,

(घ) वन्यजन्तुलाई खोरमा राखी लैंजादा खोरलाई त्रिपाल/प्लाष्टिक जस्ता वस्तुले नछोपी खोरभित्र हावा आवतजावत हुन दिनु पर्ने,

(ङ) एक ठाउँबाट अर्को ठाउँमा लैंजाँदा बाटोमा समय समयमा वन्यजन्तुको अवस्थालाई जाँचबुझ गर्नु पर्ने तथा आवश्यकता अनुसार आराम गर्न दिनु पर्नेछ,

(च) वन्यजन्तुलाई एक ठाउँबाट अर्को ठाउँमा लैंजाने कार्य सकभर सूर्योदय देखि सूर्यास्तसम्म गरी सक्नु पर्ने,

(छ) विशेष परिस्थितीमा रातको समयमा एक ठाउँबाट अर्को ठाउँमा लैंजान वाधा पुग्ने छैन,

(ज) उद्धार गरिएको वन्यजन्तुको नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, सशस्त्र वन रक्षकबाट सुरक्षाको प्रबन्ध मिलाई एक ठाउँबाट अर्को ठाउँमा लैंजानु पर्नेछ ।

(९) दफा २३ बमोजिम वन्यजन्तुको उद्धार गर्दा तथा उद्धार पश्चात एक स्थानबाट अर्को स्थानमा लैंजादा सम्बन्धित उद्धारकर्ताले अनुसूची-१३ बमोजिमको ढाँचामा अभिलेख राखि सम्बन्धित संरक्षित क्षेत्र कार्यालय वा डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिमको अभिलेख सम्बन्धित संरक्षित क्षेत्र कार्यालय वा डिभिजन वन कार्यालयले आवश्यक्ता अनुसार तत्काल वा बार्षिक रूपमा विभाग वा सम्बन्धित प्रदेश वन निर्देशनालयमा पठाउनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम प्राप्त विवरण विभाग र सम्बन्धित प्रदेश वन निर्देशनालयले बार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद- १०

## वन्यजन्तु उद्धारकेन्द्र स्थापना र सञ्चालन

२६. **वन्यजन्तु उद्धार केन्द्रको स्थापना गर्न सकिने:** (१) कुनै व्यक्ति, संस्था वा निकाय, स्थानिय तहले विभिन्न स्थानबाट बरामद हुने तथा उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापनको लागि वन्यजन्तु उद्दार केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम वन्यजन्तु उद्धार केन्द्र स्थापना गरी सञ्चालन गर्न इच्छुक व्यक्ति, संस्था वा निकाय, स्थानीय तहले अनुमतिको लागि अनुसूची-१ को ढाँचामा निवेदनका साथमा नियमावलीको नियम ३६घ. को उपनियम (१) बमोजिम अनसूची-२ को ढाँचामा कार्ययोजना र अनुसूची- ३ को ढाँचामा व्यवसायिक योजना संलग्न राखी विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा प्राविधिक समितिले जाँचबुझ तथा मूल्याङ्कन गरी विभाग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ । त्यसरि जाँचबुझ तथा मुल्याङ्कन गर्दा प्राविधिक समितिले सम्बन्धित संरक्षित क्षेत्र कार्यालय वा डिभिजन वन कार्यालयबाट स्थलगत प्रतिवेदन माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राविधिक समितिबाट पेश हुन आएको प्रतिवेदन विभागले सिफारिस सहित मन्त्रालय समक्ष गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको प्रतिवेदन समेतलाई मध्यनजर गरी मन्त्रालयले वन्यजन्तु उद्धार केन्द्र स्थापना गरी सञ्चालन गर्न अनुमति दिने वा नदिने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

(६) उपदफा (५) बमोजिम उद्धारकेन्द्र स्थापना गरी सञ्चालन गर्न अनुमति दिने निर्णय भएमा अनुमतिको अवधि कम्तिमा पन्ध्र बर्षको हुनेछ । संचालकले थप अवधिको लागि पुन अनुमति माग गरेमा

DRAFT

मन्त्रालयले विभाग मार्फत मु॥याङ्कन गराई प्राविधिक रूपमा थप गर्न आवश्यक देखिएमा पुनः अनुमति प्रदान गर्न सकिनेछ ।

(७) उपदफा (५) बमोजिम उद्धारकेन्द्र स्थापना तथा सञ्चालन गर्न दिने निर्णय भएकोमा अनुसूची-४ बमोजिमको दस्तुर लिई विभागले नियमावलीको अनुसूची-२३ को ढाँचामा अनुमतिपत्र दिनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संरक्षित क्षेत्र कार्यालय वा प्रदेश सरकार वा नेपाल सरकार आफैले वा कसैसंग करार गरी संचालनमा रहेका प्राणी उद्यान वा चिडियाखानाले उद्धार केन्द्र संचालन गर्न वाधा परेको मानिने छैन ।

२७. **<u>वन्यजन्तु उद्धार केन्द्रको न्यूनतम पूर्वाधार, जनशक्ति र पुँजी</u>**: दफा २६ बमोजिम वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालन गर्नको लागि आवश्यक पर्ने न्यूनतम पूर्वाधार, जनशक्ति तथा पूँजी लगायतका विषय अनुसूची-८ बमोजिम हुनेछ ।

२८. **<u>वन्यजन्तुको, वासस्थल, आहार व्यवस्थापन, पालनपोषण तथा हेरचाहः</u>** (१) उद्धार केन्द्रमा राखिने वन्यजन्तुको वासस्थल अनुसूची-६ बमोजिम निर्माण गर्नु पर्नेछ ।

(२) उद्धार केन्द्रमा राखिएका वन्यजन्तुको प्रजाति अनुसार आवश्यक आहाराको प्रकार, परिमाण र गुणस्तर अनुसूची-७ बमोजिमको आहारा चार्ट अनुसार हुनेछ ।

(२) वन्यजन्तुको स्वास्थ्य अवस्था अनुसार पशु चिकित्सकको शिफारिसमा उपदफा (२) बमोजिमको आहारा चार्टमा उल्लेखित आहारामा थप घट गर्न तथा आवश्यकता अनसार थप आहारा (Supplement Diet) खुवाउन सकिनेछ ।

(३) उद्धार केन्द्रमा रहेका वन्यजन्तुको उपचार गर्दा रोग निदान गर्न नमुना संकलन तथा प्रयोगशाला परिक्षण गर्न सकिनेछ ।

(४) संचालकले उद्धार केन्द्रमा रहेका वन्यजन्तुको प्राप्ति, जन्म, मृत्यु, पालनपोषण र उपचार सम्बन्धी अभिलेख अनुसूची-१२ बमोजिमको ढाँचामा दुरुस्त रख्नु पर्नेछ ।

(५) संचालकले उपदफा (४) बमोजिमको अभिलेख बार्षिक रूपमा विभाग समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद- १०

## <u>वन्यजन्तु अस्पताल र वन्यजन्तु उपचार</u>

२९. **<u>वन्यजन्तु अस्पताल स्थापना गर्न सकिने</u>**: (१) ऐनको दफा १५ग. को उपदफा (१) बमोजिम वन्यजन्तु अस्पताल स्थापना तथा सञ्चालन गर्न अनुमतिको लागि सम्बन्धित व्यक्ति, संस्था, संघीय वा प्रादेशिक निकाय वा स्थानीय तहले अनुमतिको लागि अनुसूची-१ को ढाँचामा निवेदनका साथमा नियमावलीको नियम ३६घ.

को उपनियम (१) बमोजिम अनसूची-२ को ढाँचामा कार्ययोजना र अनुसूची- ३ को ढाँचामा व्यवसायिक योजना संलग्न राखी विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा प्राविधिक समितिले जाँचबुझ तथा मूल्याङ्कन गरी विभाग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ । त्यसरि जाँचबुझ तथा मुल्याङ्कन गर्दा प्राविधिक समितिले सम्बन्धित संरक्षित क्षेत्र कार्यालय वा डिभिजन वन कार्यालयबाट स्थलगत प्रतिवेदन माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राविधिक समितिबाट पेश हुन आएको प्रतिवेदन विभागले सिफारिस सहित मन्त्रालय समक्ष गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रतिवेदन समेतलाई मध्यनजर गरी मन्त्रालयले वन्यजन्तु अस्पताल स्थापना गरी सञ्चालन गर्न अनुमति दिने वा नदिने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

(५) उपदफा (४) बमोजिम वन्यजन्तु अस्पताल स्थापना गरी सञ्चालन गर्न अनुमति दिने निर्णय भएमा अनुमतिको अवधि एकपटकमा पन्ध्र बर्षको हुनेछ । संचालकले थप अवधिको लागि पुन अनुमति माग गरेमा मन्त्रालयले विभाग मार्फत मुल्याङ्कन गराई आवश्यक देखेमा पुनःअनुमति प्रदान गर्न सकिनेछ ।

(६) उपदफा (४) बमोजिम वन्यजन्तु अस्पताल स्थापना तथा सञ्चालन गर्न दिने निर्णय भएकोमा अनुसूची-४ बमोजिमको दस्तुर लिई विभागले नियमावलीको अनसूची-२३ ढाँचामा अनुमतिपत्र दिनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस मापदण्ड बमोजिम संचालनमा रहेका चिडियाखानाले वन्यजन्तु अस्पताल संचालन गर्न वाधा परेको मानिने छैन ।

(८) यस दफा बमोजिम वन्यजन्तु अस्पताल स्थापना तथा सञ्चालन गर्नको लागि आवश्यक पर्ने न्यूनतम पूर्वाधार, जनशक्ति तथा पूँजी लगायतका विषय अनुसूची-८ बमोजिम हुनेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि विभागले स्वयं वा कुनै संस्था संगको साझेदारीमा वा सार्वजनिक निजी साझेदारीमा स्थापना तथा संचालन गर्ने गरी वन्यजन्तु अस्पतालको गुरूयोजना, व्यवस्थापन योजना वा विस्तृत परियोजना प्रतिवेदन वा विस्तृत कार्ययोजना तथा व्यवसायिक योजना मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्न गराउन सक्नेछ ।

३०. **वन्यजन्तुको औषधि उपचारः** यस मापदण्ड बमोजिम स्थापना र संचालन गरिएको चिडियाखाना वा वन्यजन्तु उद्धार केन्द्रमा रहेका वा वन्यजन्तु अस्पतालमा वन्यजन्तुको उपचारका लागि देहाय बमोजिम गर्नु पर्नेछः

(क) बन्यजन्तुहरुको उचित स्वास्थ्य कायम गर्न भेटेरिनरी शाखा स्थापना गरी नियमित रूपमा स्वास्थ्य परिक्षण, उपचार र रोग नियन्त्रणका कार्यक्रमहरु (डिवर्मिङ्ग, भ्यक्सिनेसन, निसंक्रमण) संचालन गर्नु पर्ने,

DRAFT

(ख) चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र वा वन्यजन्तु अस्पतालमा कार्यरत रहने कर्मचारीको नियमित स्वास्थ्य परिक्षण र उपचारको व्यवस्था समेत गर्नु पर्ने,

(ग) बिरामी वा रोग लागेका वन्यजन्तुलाई बथानबाट छुट्टै राख्ने सेग्रिगेसन साइटको व्यवस्था गर्नु पर्ने,

(घ) पशुरोग नियन्त्रण गर्न स्थानिय निकाय, जन स्वास्थ्य निकायहरु तथा जिल्ला स्थित प्रयोगशालाहरु एवं पशु सेवा कार्यालय तथा डिभिजन वन कार्यालय र संरक्षित क्षेत्र कार्यालयसंग समन्वय गर्नु पर्ने,

(ङ) बिरामी वन्यजन्तुको उपचार तालिम प्राप्त र दर्तावाल पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकहरूबाट गराउनु पर्ने,

(च) वन्यजन्तु उपचारका लागि आवश्यक परेमा जिल्ला स्थित पशुसेवा कार्यालय वा स्थानिय निकायका सम्बन्धित शाखाहरुबाट सहयोग लिन सकिने,

(छ) वन्यजन्तुको प्रजाति अनुसार लठ्याउन र उपचारका लागि प्रयोग गरिने अनुसूची-१४ बमोजिमका साधन वा उपकरणहरुको व्यवस्था गर्नु पर्ने,

(ज) वन्यजन्तुको स्वास्थ्य स्थिति र उपचारमा प्रयोग भएका औषधिहरुको नाम र मात्राको अभिलेख दुरुस्त राख्नु पर्ने,

(झ) मृतः वन्यजन्तुहरुको मृत्युको कारण पत्ता लगाउन संकलित शरीरका नमूनाहरु परिक्षणका लागि मान्यताप्राप्त भेटेरीनरी प्रयोगशालाहरुमा पठाउन सकिने,

(ञ) वार्षिक रुपमा उपचारको संक्षिप्त विवरण विभाग र सम्बन्धित प्रदेश वन निर्देशनालयमा पठाउनु पर्ने,

(ट) वन्यजन्तुको उपचारका लागि विदेशबाट औषधि र उपकरणहरु झिकाउन पर्ने भएमा मन्त्रालयले आवश्य सहजीकरण गरिदिनु पर्ने,

(ठ) वन्यजन्तु अस्पतालमा गरिएको उपचारको लगत अनुसूची-१२ बमोजिमको ढाँचामा अध्यवधिक राख्नु पर्ने ।

## परिच्छेद- ११
## विविध

३१. **अनुगमन तथा विवरण उपलब्ध गराउने सम्बन्धी व्यवस्थाः** (१) यस मापदण्ड बमोजिम स्थापना भएको चिडियाखाना, उद्धार केन्द्र तथा वन्यजन्तु अस्पतालमा भएका व्यवस्थापन तथा वन्यजन्तुको प्रजाति, संख्या, अवस्था र वन्यजन्तुको उपचार सम्बन्धी विवरण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र बार्षिक रूपमा विभागमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको विवरण विभागले आवश्यकता अनुसार मन्त्रालयमा पठाउनु पर्नेछ र सो को विवरण बार्षिक प्रतिवेदनमा प्रकाशन गर्नु पर्नेछ ।

(३) विभाग आफैंले वा नजिको संरक्षित क्षेत्र कार्यालय मार्फत यस मापदण्ड बमोजिम स्थापना र संचालन भएका चिडियाखान, उद्धार केन्द्र तथा वन्यजन्तु अस्पतालको आवश्यकता अनुसार अनुगमन गरी गराई अनुसूची-१५ बमोजिमको ढाँचामा प्रतिवेदन प्राप्त गरी बार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अनुगमन प्रतिवेदनले औंल्याएका सुझावहरुलाई कार्यान्वयन गर्ने दायित्व तथा जिम्मेवारी सम्बन्धित संचालकको हुनेछ ।

(५) विभागले उपदफा (३) बमोजिमको अनुगमन प्रतिवेदन आवश्यकता अनुसार मन्त्रालयमा पेश गर्नु पर्नेछ । त्यसरी गरिएको अनुगमन प्रतिवेदनको जानकारी सम्बन्धित प्रदेशको वन हेर्ने मन्त्रालयलाई समेत दिनु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित प्रदेश वन सम्बन्धी मन्त्रालय र डिभिजन वन कार्यालयले अनुगमन गरी सुधारको लागि निर्देशन दिन वाधा पर्ने छैन ।

(७) यस दफा बमोजिम अनुगमनको शिलशिलामा खटिई आउने कर्मचारीहरुलाई चिडियाखाना, उद्धार केन्द्र वा वन्यजन्तु अस्पताल संचालकले सहयोग गर्नु पर्नेछ ।

(८) अनुगमनको क्रममा चिडियाखानाले ऐन, नियमावली तथा यो मापदण्डको बर्खिलाप हुने गरी कार्य गरेको पाईएमा विभागको सिफारिसमा मन्त्रालयले अनुमतिपत्र खारेज गर्नेछ । त्यसरी अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित संचालकलाई लिखित सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

३२. **<u>वन्यजन्तुको मृत्यु भएमा गरिने व्यवस्थाः</u>** **(१)** वन्यजन्तु उद्धार गर्ने क्रममा, उद्धार गरी ढुवानी/ओसारपसार गर्दा, उद्धार केन्द्र वा चिडियाखानामा रहँदा, उपचार गर्दागर्दै मृत्यु भएमा पशु चिकित्सकबाट पोष्टमार्टम गरी नेपालका संरक्षित, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यपार नियन्त्रण महासन्धीको अनुसूचीमा सूचिकृत वन्यजन्तुको हकमा सम्बन्धित संरक्षित क्षेत्र कार्यालय वा डिभिजन वन कार्यालय कर्मचारीको रोहवरमा अनुसूची- १६ बमोजिमको मुचुल्का खडा गरी अभिलेख राख्नु पर्दछ ।

(२) पोष्टमार्टमपछि चिडियाखाना, उद्धार केन्द्र वा डिभिजन वन कार्यालय वा संरक्षित क्षेत्र कार्यालयका परिसरभित्र यथोचित संस्कारकासाथ दाहसंस्कार गरी गहिरो खाडल खनेर झिक्न/निकाल्न नमिल्ने गरी गाड्नु पर्दछ ।

(३) संचालकले मृत्यु भएका सवै वन्यजन्तुको अद्यावधिक विवरण र फोटो सहितको अभिलेख प्रतिवेदन तयार गरी विभागमा पठाउने तथा वार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्दछ

३३. **<u>खर्च सम्बन्धी व्यवस्थाः</u>** (१) चिडियाखाना, उद्धार केन्द्र वा वन्यजन्तु अस्पताल स्थापना र सञ्चालनको लागि आवश्यक खर्चको व्यवस्था सम्बन्धित सञ्चालकले गर्नु पर्नेछ ।

(२) वन्यजन्तुको उद्धार, उपचार, ओसारपसार, पालनपोषणको लागि आवश्यक खर्चको व्यवस्था नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट गर्नु पर्नेछ ।

(३) उपदाफा (१) र (२) बमोजिमको कार्यको लागि कुनै व्यक्ति, संस्था, समुदायस्तरमा गठन भएका समुह वा समितिले आवश्यक सहयोग गर्न सक्नेछ ।

DRAFT

३४. **<u>राहत सम्बन्धी व्यवस्थाः</u>** यस मापदण्ड बमोजिम स्थापना र संचालन भएका चिडियाखाना, उद्धार केन्द्र वा वन्यजन्तु अस्पतालमा कार्यरत वा अनुगमनमा खटिएका कर्मचारी वा चिडियाखाना अवलोकन गर्न आउने आगन्तुक सोही स्थानमा रखिएका वन्यजन्तुको आक्रमणबाट घाइते भएमा वा मृत्यु भएमा निजको उपचार र राहत सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

३५. **<u>चिडियाखाना वा उद्धार केन्द्र वा वन्यजन्तु अस्पताल बन्द गर्ने वा हक हस्तान्तरण सम्बन्धी व्यवस्थाः</u>** (१) यस मापदण्ड बमोजिम स्थापना र संचालन भएका चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र वा वन्यजन्तु अस्पताल सञ्चालन हुन नसकी बन्द गर्नु पर्ने अवस्था आएमा वा हक हस्तान्तरण गर्नु पर्ने भएमा सोको मनासिव कारण खुलाई विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर स्थलगत निरिक्षण गराई सिफारिस सहितको प्रतिवेदन विभागमा प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन उपर प्राविधिक समितिले जाँचबुझ गरी विभागसमक्ष रायसहितको सिफारीस पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सिफारिसको आधारमा विभागले चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र वा वन्यजन्तु अस्पतालले प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गर्ने शर्तमा अनुमति खारेज गरी बन्द गर्ने वा हक हस्तान्तरण सम्बन्धमा सिफारिस सहित मन्त्रालयमा पेश गर्नु पर्नेछ । त्यसरी विभागबाट सिफारिस साथ आएमा मन्त्रालयले अनुमति खारेज गरी बन्द गर्ने वा हक हस्तान्तरण सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुमति खारेज गरी बन्द वा हक हस्तान्तरण गर्न दिने निर्णय भएमा विभागले अनुमति खारेज गरी बन्द गर्न वा हक हस्तान्तरण गर्न अनुमति प्रदान गर्नेछ ।

(६) उपदफा (४) बमोजिम चिडियाखाना बन्द गर्ने निर्णय भएमा तहाँ रहेका वन्यजन्तुहरु अन्यत्र संचालित चिडियाखानाहरुमा पठाउने वा प्राकृतिक वासस्थानमा छाडने सम्बन्धमा मन्त्रालयले आवश्यक निर्णय गर्नेछ । त्यसरी वन्यजन्तु अन्यत्र व्यवस्थापन गर्दा लाग्ने खर्च संचालकले व्यवस्था गर्नु पर्नेछ ।

३६. **<u>अनुमति लिनु पर्नेः</u>** (१) यो मापदण्ड प्रारम्भ हुनु पूर्व संचालित चिडियाखाना, उद्धार केन्द्र वा वन्यजन्तु अस्पतालले यो मापदण्ड प्रारम्भ भएको मितिले एकवर्षभित्र मापदण्डमा तोकिएको प्रक्रिया पूरा गरी अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र नलिएमा सो चिडियाखाना, उद्धार केन्द्र वा वन्यजन्तु अस्पताल स्वतः खारेज भएको मानिनेछ ।

३७. **<u>विवाद निरुपणः</u>** (१) यो मापदण्ड कार्यान्वयन गर्दा आउन सक्ने विवादको निरुपण वन तथा वातावरण मन्त्रालयले गर्नेछ ।

DRAFT

३८.	**खारेजी र बचाउ**ः (१) वन्यजन्तु उद्धार एवं उद्धार केन्द्र व्यवस्थापन कार्यविधि,२०७३ खारेज गरिएकोछ ।

(२) उपदफा (१) बमोजिमको वन्यजन्तु उद्धार एवं उद्धार केन्द्र व्यवस्थापन कायविधि, २०७३ अनुसार भएको काम कार्वाही यसै मापदण्ड अनुसार भएको मानिनेछ ।

DRAFT

अनुसूची-१

(दफा ४ को उपदफा (१), दफा २६ को उपदफा (२) र दफा २९ को उपदफा (१) संग सम्बन्धित)

**चिडियाखाना/वन्यजन्तु उद्धार केन्द्र/ वन्यजन्तु अस्पताल स्थापना र संचालन अनुमतिको लागि दिईने निवेदनको ढाँचा**

मितिः………………..

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,
बबरमहल, काठमाण्डौ।

विषयः चिडियाखाना/वन्यजन्तु उद्धार केन्द्र/वन्यजन्तु अस्पताल स्थापना तथा सञ्चालन अनुमति सम्बन्धमा ।

…………………….जिल्ला…………………………गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/ महानगरपालिकाको वडा नं. …………………….मा चिडियाखाना/वन्यजन्तु उद्धार केन्द्र/वन्यजन्तु अस्पताल स्थापना तथा सञ्चालन गर्ने अनुमतिपत्रको लागि नियमावलीको नियम ३६घ. को उपनियम (१) बमोजिम अनुसूची- २ को ढाँचामा कार्ययोजना र अनुसूची-३ बमोजिमको व्यवसायिक योजना संलग्न राखी पेश गरेको छु ।

संस्था, निकाय वा स्थानीय तहको छाप

निवेदक
दस्तखतः
नामः
स्थायी ठेगानाः

DRAFT

अनुसूची-२

(दफा ४ को उपदफा (१), दफा २६ को उपदफा (२) र दफा २९ को उपदफा (१) संग सम्बन्धित)

**<u>चिडियाखाना/वन्यजन्तु उद्धार केन्द्र/ वन्यजन्तु अस्पताल स्थापना र संचालन अनुमतिको लागि निवेदन साथ पेश गर्ने कार्ययोजनाको ढाँचा</u>**

(१) व्यक्ति वा संस्थाको नामः-

(२) स्थायी ठेगानाः-

(३) संस्था संचालकको नाम थर र ठेगानाः

(४) संस्था दर्ता, स्थायी लेखा नम्वर दर्ता र कर चुक्ता प्रमाणपत्र (संस्थाको हकमा):-

(५) अनुभव सम्बन्धी कागजातः-

(६) जग्गा सम्बन्धी विवरणः-

(७) पूर्वाधार सम्बन्धी विवरणः-

(८) उद्देश्यः-

(९) भौतिक पूर्वाधार सम्बन्धी विवरणः-

- (क) इन्क्लोजर (निर्मित वस्तु, लम्बाई, चौडाई र सङ्ख्या):-
- (ख) भवन (क्षेत्रफल र कोठा सङ्ख्या):-
- (ग) **<u>वन्यजन्तुको समुहगत खण्ड (सेक्सन):</u>**
- (घ) कम्पाउण्डवाल/बार बन्देजः-
- (ङ) खानेपानीको स्रोत र प्रबन्धः-
- (च) आहाराको व्यवस्थाः-
- (छ) वन्यजन्तु क्लिनिक तथा ल्याबः-
- (ज) खुल्ला जमिनको क्षेत्रफलः-
- (झ) फोहरमैला व्यवस्थापनः-
- (ञ) क्षेत्रानुसार वनस्पति विवरणः-

(१०) जनशक्ति विवरणः-

- (क) प्राविधिक/विज्ञ (पशु चिकित्सक):-
- (ख) वन्यजन्तु विज्ञः-
- (ग) क्युरेटरः-
- (घ) किपरः-
- (ङ) प्रशासन तथा व्यवस्थापन कर्मचारीः-
- (च) आहारा तथा पोषण विज्ञः-
- (छ) सुरक्षा व्यवस्थाः-

DRAFT

(११) आर्थिक स्रोतः-

(क) लगानी गर्ने निकायः-

(ख) अनुदानः-

(ग) आफ्नै लगानीः-

(१२) उपकरण र उपचार स्थलः-

(क) वन्यजन्तु क्लिनिकः-

(ख) वन्यजन्तु एम्बुलेन्सः-

(ग) सवारी साधन (जीप, पिकअप):-

(घ) डार्ट गनः-

(ङ) केज (खोर):-

(च) जैविक सुरक्षाः-

(छ) आवश्यकता अनुसारको औषधि व्यवस्थापन र स्रोतः-

(१०) मृतक वन्यजन्तु र फोहोर व्यवस्थापनः-

(क) पोष्टमार्टम स्थलः-

(ख) मृतक वन्यजन्तु व्यवस्थापनः-

(ग) फोहोर व्यवस्थापनः-

(११) वन्यजन्तुको संरक्षणः-

(१२) अन्यः-

DRAFT

## अनुसूची-३

(दफा ४ को उपदफा (१), दफा २६ को उपदफा (२) र दफा २९ को उपदफा (१) संग सम्बन्धित)

<u>(व्यवसायिक योजनाको ढाँचा)</u>

१. पृष्ठभुमीः

२. आधारभूत जानकारीः

(क) व्यवसायको परिचय (नाम, ठेगाना, स्वामित्व):

(ख) फर्मको दर्ता, स्थायी लेखा नं., कर चुक्ता विवरणः

(ग) व्यवसायको सामान्य स्थितिः

(घ) व्यवसायिक वातावरणको विश्लेषणः

(ङ) व्यवसायिक योजनाको अवधिः

(च) उद्देश्यहरुः

(छ) कार्यक्षेत्रः

(ज) फर्म सम्बन्धी अन्य आधारभुत तथ्याङ्कः

(झ) सम्बन्धित सरोकारवालाहरुः

३. आवश्यक जग्गा, पूर्वाधार र जनशक्ति सम्बन्धी विवरणः

४. व्यवसायिक कार्ययोजनाः

४.१ बजार योजनाः बजार र बजारका अवसरहरू

(क) उत्पादन गरिने सेवा वा बस्तुको विवरणः

(ख) बस्तु वा सेवा उत्पादन गर्नुको औचित्यः

(ग) व्यवसाय स्थापना गर्ने स्थानः

(घ) लक्षित बजार क्षेत्र र ग्राहकहरूः

(ङ) मुख्य प्रतिस्पर्धिहरू र प्रतिस्पर्धिहरूको वस्तु सेवा संग आफ्नो सेवा वा उत्पादनको तुलनाः

(च) बजारिकरण रणनीतिः

(छ) बजारिकरण रणनीति अनुरूप क्रियाकलापहरूः

(ज) बिक्री लक्षः

४.२ उत्पादन योजनाः-

(क) उत्पादन वा सेवा लक्ष्यः

(ख) उत्पादन वा सेवा प्रक्रिया र विधीः

(ग) आवश्यक स्थीर सम्पतिः

(घ) स्थीर सम्पतिमा ह्रासकट्टीः

४.३ खर्च योजनाः-

DRAFT

(क) प्रत्यक्ष खर्च/लागतः (कच्चा पदार्थ, श्रम र तलव)

(ख) शिर्षभार खर्चः

(ग) पूर्व सञ्चालन खर्चः

४.४ वित्तिय योजना र वित्तिय प्रक्षेपणः

(क) पूँजिको श्रोतः

(ख) स्थीर पुँजि लगानीः

(ग) चालु पुँजि लगानीः

(घ) प्रत्यक्ष लागत/बार्षिक चल खर्चः

(ङ) अप्रत्यक्ष लागत/बार्षिक स्थितर खर्चः

(च) दायित्वहरूः

(छ) प्रति इकाई लागतः

(ज) शुल्क/मूल्य निर्धारणः

(झ) सेवा वा बिक्रीबाट आम्दानीः

(ञ) बार्षिक नाफा नोक्सान विवरणः

(ट) नाफा नोक्सान हिसावः

(ठ) लगानिमा प्रतिफलः

(ड) पारविन्दुः

(ढ) वासलात

५. संचालन तथा व्यवस्थापन योजनाः

६. विश्लेषण (सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीको विश्लेषण)ः

DRAFT

अनुसूची-४

(दफा ४ को उपदफा (६), दफा २६ को उपदफा (७) र दफा २९ को उपदफा (६) संग सम्बन्धित)

<u>चिडियाखाना/ वन्यजन्तु उद्धार केन्द्र/ वन्यजन्तु अस्पताल स्थापना तथा सञ्चालन अनुमतिको दस्तुर</u>

| क्र.सं. | विवरण | दस्तुर रू. | | | |
|---|---|---|---|---|---|
| | | प्रादेशिक निकाय | स्थानीय तह | संगठित संस्था | कम्पनीले |
| १. | चिडियाखाना | | | | |
| क. | सानो | ५०,०००।- | ५०,०००।- | १,००,०००।- | २,००,०००।- |
| ख. | मझौला | १,००,०००।- | १,००,०००।- | २,००,०००।- | ३,००,०००।- |
| ग. | ठुला | २,००,०००।- | २,००,०००।- | ३,००,०००।- | ५,००,०००।- |
| २. | वन्यजन्तु उद्धार केन्द्र | २०,०००।- | २०,०००।- | ५०,०००।- | १,००,०००।- |
| ३. | वन्यजन्तु अस्पताल | २०,०००।- | २०,०००।- | ५०,०००।- | १,००,०००।- |
| ४. | कुनै व्यक्तिले वन्यजन्तु उद्धार केन्द्र वा वन्यजन्तु अस्पताल स्थापना एवं संचालन दस्तुर रू १,००,०००।- लाग्नेछ । | | | | |

पुनश्चः नेपाल सरकारको स्विकृतिमा संचालनमा रहेका चिडियाखाना वा प्राणी उद्यानहरुको हकमा अनुमति पत्र दस्तुर लागु हुने छैन ।

DRAFT

अनुसूची-५

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

<u>चिडियाखानाको गुरूयोजनाको ढाँचा</u>

भाग-१

अध्यायहरू:

१.परिचय

(यसमा इतिहास, उद्देश्यहरू, भौगोलिक, पारिस्थितिकिय र जैविक विशेषताहरू जस्तै क्षेत्रको भूपरिधि, भूगर्भ, ढुंगा र माटो, वनस्पति र जनावरहरू, मौसम, वर्षा, ऋतु, पहुँच मार्ग, वरपरको क्षेत्रको जनसांख्यिक विवरण, जमिनको कानुनी स्थिति, सम्भावित प्रदूषणका स्रोतहरू आदिको विवरण समावेश हुन्छ।) (पहिलेदेखि सञ्चालनमा रहेको चिडियाखाना भएमा, यस अध्यायमा हालको अवस्था, नक्शा, विभिन्न सुविधाहरूको विवरण, विगतमा व्यवस्थापनमा भोगिएका समस्याहरू र उपलब्धिहरू पनि समावेश गर्न सकिन्छ।)

२. हालको व्यवस्था र चुनौतीहरूको मूल्याङ्कनः

(क) भौतिक पूर्वाधार तथा वन्यजन्तुको वासस्थान सम्बन्धीः

(ख) वन्यजन्तु सङ्कलनः

(ग) चिडियाखाना व्यवस्थापनः

(घ) वन्यजन्तु संरक्षण, प्रजनन् र अनुसन्धानः

(ङ) वन्यजन्तु प्रदर्शनी तथा संरक्षण शिक्षाः

(च) चिडियाखानासँग सम्बन्धित अन्य विशेष गतिविधिहरूः

भाग—२

अध्यायहरू

१. लक्ष्य र उद्देश्यहरूः

२. कार्य योजनाः

(क) चिडियाखाना स्थापना र संचालन योजनाः

(ख) वन्यजन्तु संकलन योजना (संख्या, संकलन श्रोत, विधि आदी)ः

(ग) वन्यजन्तु प्रदर्शनी तथा संरक्षण शिक्षा योजनाः

(घ) चिडियाखाना पूर्वाधाको डिजाईन तथा नक्शाः

(ङ) स्थानीय अवस्थाअनुसार अन्य योजनाहरूः

३. जनशक्ति व्यवस्थापन र क्षमता अभिवृद्धि योजनाः

४. विपद् व्यवस्थापन तथा विपद्को समयमा चिडियाखाना संचालन तथा व्यवस्थापन योजनाः

५. आकस्मिक योजना

क. वन्यजन्तु उद्धारः

DRAFT

ख. जनावरको आवासबाट भाग्ने घटनाः

ग. वन्यजन्तु तथा घरपालुवा जनावरको उपद्रवः

घ. आहार आपूर्ति हुन नसकेको अवस्थामा आहार व्यवस्थापनः

ङ. कर्मचारी तथा आगन्तुक वन्यजन्तुको आक्रमणमा परेमाः

ग. आगन्तुक घाइते हुने वा पिंजडाभित्र खस्ने

घ. वन्यजन्तुबीच झगडा भएमाः

ङ. महामारी फैलिएको अवस्थामाः

च. खानेपानी, विद्युत आपूर्ति बन्द भएको अवस्थामाः

६. चिडियाखानाको क्षमता अभिवृद्धि योजनाः

७. चिडियाखानाको प्रशासनिक व्यवस्थापन योजना (ई-गभर्नेन्स)

८. खर्चको श्रोत तथा लागत योजनाः

९. **<u>परिशिष्टहरूः</u>**

(क) हालको संरचना देखाउने नक्शाः (पुराना नक्शाहरू, उपलब्ध भएमा, विकासको चरण देखाउन प्रयोग गर्न सकिन्छ)

(ख) वन्यजन्तु सङ्कलन योजना (प्रजातिहरूको सूची सहित)

(ग) चिडियाखाना क्षेत्रभित्र प्राकृतिक रूपमा पाइने वनस्पति र विचरण गर्ने वन्यजन्तु प्रजातिहरू

(घ) जनशक्ति सम्बन्धी विवरणः

(ङ) वन्यजन्तु वासस्थान र पूर्वाधारको सूची तथा नक्साः

(च) चिडियाखानाको अवस्थिति सम्बन्धी नक्शाः

(छ) सम्बन्धित सूचना/सूचना पत्र (Notification)

DRAFT

अनुसूची-६

(दफा १० को उपदफा (१) र दफा २८ को उपदफा (१) संग सम्बन्धित)

<u>वन्यजन्तु वासस्थलको नाप साईजका</u>

- इन्क्लोजरमा रहेका महत्वपूर्ण स्तनधारी प्रजातिहरूको लागि आहार/राति बस्ने कक्षको न्यूनतम निर्धारित आकार

| क्र.सं. | प्रजातिको नाम | इन्क्लोजरको आकार (मिटरमा) | | |
|---|---|---|---|---|
| | | लम्बाइ | चौडाइ | उचाइ |
| १ | बाघ, सिंह | २.७५ | १.८० | ३.०० |
| २ | चितुवा, ध्वाँसे चितुवा, हिउँ चितुवा | २.०० | १.८० | २.५० |
| ३ | कस्तुरी मृग, झारल, चौका, नाउर | २.५० | १.५० | २.५० |
| ४ | स्लथ भालु, हिमाली कालो भालु, खैरो भालु, मलायन सन भालु | २.५० | १.८० | २.५० |
| ५ | बाँदर | २.०० | १.५० | २.५० |
| ६ | सानो बिरालो, सिभेट, बिन्टुरोंग, ओटर, रेटेल, हगब्याजर, मार्टेन्स, हाब्रे, ब्वाँसो, स्याल, ढोल | २.०० | १.५० | २.५० |
| ७ | हात्ती | ८.०० | ६.०० | ५.५० |
| ८ | स्लो लोरिस, स्लेन्डर लोरिस | १.०० | १.०० | १.५० |
| ९ | एक सिङे गैंडा | ५.०० | ३.०० | २.५० |
| १० | अर्ना, याक, गौर, जंगली घोडा | ३.०० | २.०० | २.५० |
| ११ | मृग प्रजाति | ३.०० | २.०० | २.५० |

(ख) महत्वपूर्ण स्तनधारी प्रजातिको लागि न्यूनतम निर्धारित फराकिलो सुरक्षित ठाउँको आकारः

| सि. नं. | स्तनधारी वन्यजन्तु प्रजाति | वाह्य वासस्थल (ब. मि.) | |
|---|---|---|---|
| | | प्रतिजोडीका लागि | प्रति जन्तु थप क्षेत्रफल |
| १. | बाघ | १००० | २०० |
| २. | चितुवा प्रजाति (हिंउ चितुवा, ध्वाँसे चितुवा, सामान्य चितुवा) | ५०० | १०० |
| ३. | गैंडा, हात्ती, गौरी गाई, अर्ना, निलगाई | २००० | ४०० |
| ४. | चित्तल, जरायो, लगुना, रतुवा, वाह्रसिङ्गा, कस्तुरी | १५०० | १०० |

DRAFT

| | | | |
|---|---|---|---|
| ५. | चौसिङ्गा, कृष्णसार, घोरल, झारल, सिराऊ | १५०० | २०० |
| ६. | काठे भालु, हिमाली कालो भालु | ५०० | १०० |
| ७. | ब्वाँसो, हुँडार, ढोले, स्याल, जंगली विरालो, मलाहा विरालो, ठूलो निरविरालो, सानो निर विरालो, मलसाप्रो, लिङ्कस, चमेरो | १००० | १०० |
| ८. | बाँदर प्रजाति (लङ्गुर, रातो बाँदर, आसामी बाँदर) | ४०० | १०० |

(ग) महत्वपूर्ण चराहरूको लागि न्यूनतम निर्धारित फराकिलो सुरक्षित ठाउँको आकारः

| **क्र.सं.** | **प्रजाति** | **एभियरीको न्यूनतम साईज** | | |
|---|---|---|---|---|
| | | **क्षेत्रफल (ब. मि.)** | **उचाई (मि.)** | **पानी रहने क्षेत्र (ब. मि.)** |
| १. | शिकारी चराहरु (गिद्ध, लाटोकोसेरो हुचिल, चिल, आदि) | ५०० | १० | २० |
| २. | कालिज | २०० | ५ | १५ |
| ३. | पानी चराहरु | ५०० | १० | १०० (गहिराई १.५ मि.) |
| ४. | उडने चराहरु (मिश्रीत प्रजाति) | ५०० | १० | ५० |
| ५. | उडने चराहरु (एकल प्रजाति) | २०० | १० | १० |
| ६. | मयूर | ५०० | | |

(घ) महत्वपूर्ण सरीसृप तथा उभयचरहरूको लागि न्यूनतम निर्धारित फराकिलो सुरक्षित ठाउँको आकार

| क्र.सं. | प्रजाति | वासस्थलको क्षेत्रफल (वर्ग. मि). | वासस्थल भित्रै जलाशयको क्षेत्रफल (वर्ग. मि.) |
|---|---|---|---|
| १. | घडियाल गोही, मगर गोही | १००० | ३०० (गहिराई ३ मि.) |
| २. | अजिङ्गर | ३०० | १५ |
| ३. | कोब्रा र अन्य सर्प प्रजाति | ३०० | १५ |
| ४. | सुन गोहोरो, भैसे गोहोरो | १०० | १५ |
| ५. | छेपारो प्रजाति | ३०० | २० |
| ६. | ठोटरी | १५० | १५ |
| ७. | कछुवा प्रजाति (Indian soft turtle, Indian Peacock soft shell turtle) | २०० | ८० (गहिराई २.५ मि.) |
| ८. | भ्यागुता प्रजाति (Amphibians) | २०० | १५ (गहिराई १.५ मि.) |

## अनुसूची-७

(दफा १४ को उपदफा (१) र दफा २८ को उपदफा (२) सँग सम्बन्धित)

वन्यजन्तु प्रजातिहरुको आहारा चार्ट

शाकाहारी वन्यजन्तु प्रजातिका लागि आहारा **पदार्थ र परिमाण (प्रति जनावर प्रतिदिन किलो ग्राममा)**

| सि. नं. | आहारा पदार्थको नाम | धान | मकै | चना | भटमास | भुटेको चनाको पिठो | सख्खर | मकैको पिठो | चोकर | मिनेरल मिक्सचर | पराल | भुटेको मकैको पिठो | भुटेको गहुँको पिठो | भुटेको भटमासको पिठो | नुन | केरा | गाजर | फर्सी | स्याउ | आलु | बन्दागोभी | भुईं वा डाले घाँस |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | चित्तल | | ०.२५ | ०.२३ | ०.१० | | | | ०.४० | ०.०२ | | | | | | | | | | | | ३.० |
| २. | जरायो | | ०.५० | ०.४० | ०.४० | | | | १.०० | ०.०२ | | | | | | | | | | | | १५.० |
| ३ | लगुना | | | | | | | | | | | | | | | | | | | | | |
| ४. | रतुवा | | ०.२० | ०.२० | ०.१० | | | | ०.३५ | ०.०१ | | | | | | | | | | | | २.० |
| ५. | कस्तुरी | | | | | | | | | | | | | | | | | | | | | |
| ६. | वाहसिङ्गा | | | | | | | | | | | | | | | | | | | | | |
| ७. | कृष्णसार | | ०.२० | ०.२० | ०.१० | | | | ०.३५ | ०.०२ | | | | | | | | | | | | ३.० |
| ८. | चौसिङ्गा | | ०.०५ | ०.१५ | ०.०३ | | | | ०.०५ | ०.०१ | | | | | | ०.१० | ०.०५ | | ०.०५ | | ०.१० | २.० |
| ९. | निलगाई | | ०.५० | ०.२५ | ०.५० | | | | १.०० | ०.०३ | १.० | | | | | | ०.५० | | | | ०.५० | १५.० |
| १०. | अर्ना | | १.५० | ०.५० | ०.५० | | | | २.५० | ०.०३ | ३.० | | | | ०.०१ | | १.०० | | | | | १५.० |
| ११. | नाउर | | ०.३० | ०.०५ | ०.१५ | | | | ०.५० | ०.०२ | | | | | | ०.४० | | | | | | २.० |
| १२. | घोरल | | ०.३० | ०.०५ | ०.१५ | | | | ०.५० | ०.०२ | | | | | | | | | | | | २.० |
| १३. | ठूलो एकसिङ्गे गैंडा | | | १.५० | | ०.७५ | ०.५० | २.०० | | ०.०५ | ५.० | ०.७५ | १.२५ | ०.७५ | ०.०३ | १.०० | २.५० | १.०० | | १.०० | २.०० | १००.० |
| १४. | एसियाली हात्ती | ४.०० | | | | | १.०० | | | ०.०५ | १०.० | | | | ०.१५ | | ३.०० | ३.०० | | ३.०० | ३.०० | २००.० |

# मिश्रीत आहारा खाने प्रजातिहरुको आहारा पदार्थ तथा परिमाण (प्रति जनावर प्रति दिन किलो ग्राममा)

| सि. नं. | वन्यजन्तु प्रजातिको नाम | धान | मकै | चना | भटमास | सख्खर | चोक्कर | बदाम | मह | ईनरिच्मेण्ट | मिनेरल मिक्सचर | केरा | गाजर | फर्सी | स्याउ | आलु | पाउरोटी | मौसमि हरियो सागपात | मौसमी फलफुल | उखु | बन्दागोभी | ब्रोकाउली | दुध (लि.) | भैसीको मासु | कुखुराको फुल (संख्या) | कुखुराको मासु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कमन लंगुर | | | ०.०५ | | | | ०.०३ | | | | ०.३० | ०.१० | | ०.२० | | ०.१० | ०.१० | ०.२० | ०.२० | | | | | १.०० | |
| २. | आसामी बाँदर | | | | | | | ०.०५ | | | | ०.१५ | ०.०५ | | ०.१० | | ०.१० | ०.१० | ०.१० | ०.१० | | | | | | |
| ३. | रातो बाँदर | | | | | | | ०.०३ | | | | ०.०८ | ०.०३ | | ०.०५ | | ०.०५ | ०.०५ | ०.०५ | ०.०५ | | | | | | |
| ४. | दुम्सी | | ०.०५ | ०.१० | | | | ०.१० | | | | | ०.१० | ०.०५ | ०.०५ | ०.१० | ०.०५ | | | ०.२० | | | | | | |
| ५. | खरायो | | | ०.०५ | | | | | | | | | ०.०४ | | | ०.०१ | | ०.०३ | | | ०.०५ | | | | | |
| ६. | हाब्रे | | | | | | | | | | | 0.10 | | | ०.३० | | ०.१० | | ०.१० | | | | | | ०.५० | |
| ७. | पाँच धर्के पाम लोखर्के | ०.०१ | | ०.०२ | | | | ०.०२ | | | | | ०.०१ | | | | | ०.०१ | | | | | | | | |
| ८. | गिनि पिग | | | ०.०३ | | | | | | | | | ०.०१ | ०.०१ | | ०.०१ | | ०.०१ | | | | | | | | |
| ९. | सेतो मुसा | ०.०१ | | ०.०१ | | | | | | | | | ०.०१ | ०.०१ | | ०.०१ | | ०.०१ | | | | | | | | |
| १०. | हिमाली कालो भालु | | | | | ०.१० | | ०.२५ | ०.०१ | ०.२० | ०.०२ | ०.४० | ०.१० | | ०.२५ | | १.०० | | ०.५० | ०.२५ | | | १.५० | | १.०० | |
| ११. | काँठे भालु | | | | | ०.१० | | ०.२० | ०.०१ | ०.२० | ०.०२ | ०.४० | ०.१० | | ०.२५ | ०.०० | १.०० | | ०.५० | ०.२५ | | | १.५० | | १.०० | |
| १२. | ठूलो निर विरालो | | | | | | | | | | | ०.०८ | | | ०.०५ | | | | ०.०५ | | | | | ०.१५ | | ०.१५ |
| १३. | कमन पाम सिभेट | | | | | | | | | | | ०.०८ | | | ०.०५ | | | | ०.०५ | | | | | ०.१५ | | ०.१५ |
| १४. | हिमालयन पाम सिभेट | | | | | | | | | | | ०.०८ | | | ०.०५ | | | | ०.०५ | | | | | ०.१५ | | ०.१५ |
| १५. | वनेल | | ०.१० | ०.१० | ०.१० | | ०.४० | | | | ०.०१ | ०.३० | | | ०.२० | ०.०५ | ०.४० | | ०.१५ | | | | | | | |

DRAFT

**मांसाहारी वन्यजन्तुहरुको आहारा पदार्थ र परिमाण (प्रति जनावर प्रति दिन किलो ग्राममा)**

| सि. नं. | वन्यजन्तुको नाम | भैसीको मासु | कुखुराको मासु |
|---|---|---|---|
| १. | बाघ (भाले) | ६.००० | |
| २. | बाघ (पोथी) | ५.००० | |
| ३. | बाघ (बच्चा) | ४.००० | |
| ४. | कमन चितुवा | १.५०० | |
| ५. | हिंउ चितुवा | | |
| ६. | ध्वाँसे चितुवा | | |
| ७. | चरी बाघ | | ०.३०० |
| ८. | हुँडार | | |
| ९. | जंगली विरालो | | ०.३५० |
| १०. | स्याल | ०.००० | ०.४५० |
| ११. | स्याल (बच्चा) | | ०.२५० |

DRAFT

# पंछी प्रजातिको आहारा पदार्थ र परिमाण (प्रति पंछी प्रति दिन किलो ग्राममा)

| सि. नं. | चरा प्रजातिको नाम | संख्या | धान | मकै | चना | भुटेको चनाको पिठो | केराउ | बदाम | सुर्यमुखीको गेडा | गहुँ | चामल | कागुनो | तोरी | केरा | गाजर | स्याउ | मौसमी हरियो सागपात | मौसमी फलफुल | उखु | बन्दागोभी | कुखुराको १ नं. दाना | कुखुराको ३ नं. दाना | भैंसीको मासु | कुखुराको फुल (संख्या) | माछा | कुखुराको मासु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | African Grey Parrot | १ | ०.०२ | ०.०१ | ०.०१ | | | ०.०५ | | | | | | | ०.०३ | ०.०५ | | ०.०२ | ०.१० | | | | | | | |
| २. | African Ostrich | १ | | ०.५० | ०.२० | | ०.५० | ०.१० | | १.०० | | | | | | | १.०० | | | | | | | | | |
| ३. | Alexandrine Parakeet | १ | ०.०१ | ०.०१ | ०.०१ | | | ०.०२ | | | | | | | ०.०३ | | | | ०.०३ | | | | | | | |
| ४. | Bar headed Goose | १ | ०.०२ | ०.०१ | | | | | | ०.०२ | | ०.०१ | | | | | ०.०१ | | | | | | | | | |
| ५. | Barn Owl | १ | | | | | | | | | | | | | | | | | | | | | ०.१५ | | | |
| ६. | Black headed Ibis | १ | | | | | | | | | | | | | | | | | | | | | ०.०५ | | ०.२० | |
| ७. | Black headed Munia | १ | | | | | | | | | | ०.०१ | | | | | | | | | | | | | | |
| ८. | Black Kite | १ | | | | | | | | | | | | | | | | | | | | | ०.१५ | | | |
| ९. | Black-crowned Night Heron | १ | | | | | | | | | | | | | | | | | | | | | ०.०५ | | ०.१० | |
| १०. | Black-masked Love Bird | १ | ०.०२ | ०.०१ | ०.०१ | | | ०.०२ | | | | ०.०१ | | | | | | | ०.०३ | | | | | | | |
| ११. | Blue & Yellow Macaw | १ | ०.०१ | ०.०१ | ०.०१ | | | ०.१० | ०.०१ | | | | | | ०.०३ | ०.१० | | ०.०५ | ०.१५ | | | | | | | |
| १२. | Brown Fish Owl | १ | | | | | | | | | | | | | | | | | | | | | | | ०.२५ | |
| १३. | Budgerigar | १ | ०.०१ | | | | | | | | | ०.०१ | | | | | | | | | | | | | | |
| १४. | Chukor Patridge | १ | ०.०१ | ०.०१ | | | ०.०१ | | | ०.०१ | | | | | | ०.०१ | ०.०२ | | | | | | | | | |
| १५. | Cockatiel | १ | ०.०१ | | | | | ०.०२ | | | | ०.०१ | | | | | | | | | | | | | | |
| १६. | Common Peafowl | १ | ०.०३ | ०.०१ | | | ०.०३ | | | ०.०३ | ०.०३ | | | | | ०.०१ | ०.०२ | | | | | | | | | |
| १७. | Common Quail | १ | ०.०१ | ०.०१ | | | ०.०१ | | | ०.०२ | | | | | | ०.०१ | ०.०२ | | | | | | | | | |
| १८. | Common Shelduck | १ | ०.०२ | ०.०१ | | | | | | ०.०२ | | ०.०१ | | | | | ०.०१ | | | | | | | | | |
| १९. | Crimson-horned Pheasant | १ | ०.०१ | ०.०१ | | | ०.०२ | ०.०२ | | ०.०२ | | | | | | ०.०१ | ०.०३ | | | | | | | | | |
| २०. | Emerald Dove | १ | ०.०३ | | | | ०.०२ | | | ०.०३ | | | ०.०१ | | | | | | | | | | | | | |

| सि. नं. | चरा प्रजातिको नाम | संख्या | धान | मकै | चना | भुटेको चनाको पिठो | केराउ | बदाम | सुर्यमूखीको गेडा | गहुँ | चामल | कागुनो | तोरी | केरा | गाजर | स्याउ | मौसमी हरियो सागपात | मौसमी फलफुल | उखु | बन्दागोभी | कुखुराको १ नं. दाना | कुखुराको ३ नं. दाना | भैंसीको मासु | कुखुराको फुल (संख्या) | माछा | कुखुराको मासु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१. | Emu | १ | | | | | ०.०० | ०.१० | | ०.१० | | | | ०.५० | ०.१० | ०.२५ | ०.५० | ०.२५ | | ०.२५ | | | | | | |
| २२. | Eurasian Collared Dove | १ | ०.०३ | | | | ०.०२ | | | ०.०३ | | | ०.०१ | | | | | | | | | | | | | |
| २३. | Eurasian Eagle Owl | १ | | | | | | | | | | | | | | | | | | | | | ०.२५ | | | |
| २४. | Fantail Pigeon | १ | ०.०५ | | | | ०.०२ | | | ०.०१ | | | ०.०१ | | | | | | | | | | | | | |
| २५. | Golden Pheasant | १ | ०.०२ | ०.०१ | | | | ०.०१ | | ०.०२ | | | | | | ०.०१ | ०.०१ | | | | | | | | | |
| २६. | Grey Heron | १ | | | | | | | | | | | | | | | | | | | | | ०.०५ | | ०.१० | |
| २७. | Greylag Goose | १ | ०.१० | ०.०० | | | | | | ०.११ | | | | | | | ०.०१ | | | | | | | | | |
| २८. | Guinea Fowl | १ | ०.०१ | ०.०१ | | | ०.०१ | | | ०.०१ | | | | | | ०.०१ | ०.०२ | | | | | | | | | |
| २९. | Himalayan Griffon | १ | | | | | | | | | | | | | | | | | | | | | ०.७० | | | |
| ३०. | Indian Silverbill | १ | | | | | | | | | | ०.०१ | | | | | | | | | | | | | | |
| ३१. | Java Sparrow | १ | ०.०१ | | | | | | | | | ०.०१ | | | | | | | | | | | | | | |
| ३२. | Kalij Pheasant | १ | ०.०२ | ०.०१ | | | ०.०२ | ०.०२ | | ०.०२ | | | | | | ०.०१ | ०.०२ | | | | | | | | | |
| ३३. | Lady Amherst Pheasant | १ | ०.०२ | ०.०१ | | | | ०.०१ | | ०.०२ | | | | | | ०.०१ | ०.०१ | | | | ०.०१ | ०.०२ | | | | |
| ३४. | Lesser Adjutant Stork | १ | | | | | | | | | | | | | | | | | | | | | ०.१५ | | ०.२० | |
| ३५. | Oriental Pied Hornbill | १ | | | | ०.०५ | | | | | | | | ०.२० | | ०.०५ | | ०.०५ | | | | | | ०.५० | | |
| ३६. | Peach-faced love Bird | १ | ०.०२ | ०.०१ | ०.०१ | | | ०.०२ | | | | ०.०१ | | | | | | | ०.०३ | | | | | | | |
| ३७. | Peregrine Falcon | १ | | | | | | | | | | | | | | | | | | | | | ०.१३ | | | ०.१३ |
| ३८. | Pink Crested Cockatoo | १ | ०.०५ | ०.०१ | ०.०१ | | | ०.०५ | ०.०१ | | | | | | ०.०५ | ०.०५ | | | ०.१० | | | | | | | |
| ३९. | Red Breasted Parakeet | १ | ०.०१ | ०.०१ | ०.०१ | | | ०.०२ | | | | | | | ०.०३ | | | | ०.०३ | | | | | | | |
| ४०. | Red Collared Dove | १ | ०.०३ | | | | ०.०२ | | | ०.०३ | | | ०.०१ | | | | | | | | | | | | | |

| सि. नं. | चरा प्रजातिको नाम | संख्या | धान | मकै | चना | भुटेको चनाको पिठो | केराउ | बदाम | सुर्यमुखीको गेडा | गहुँ | चामल | कागुनो | तोरी | केरा | गाजर | स्याउ | मौसमी हरियो सागपात | मौसमी फलफुल | उखु | बन्दागोभी | कुखुराको १ नं. दाना | कुखुराको ३ नं. दाना | भैंसीको मासु | कुखुराको फुल (संख्या) | माछा | कुखुराको मासु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४१. | Reeves's Pheasant | १ | ०.०१ | ०.०१ | | | | ०.०१ | | ०.०२ | | | | | | ०.०१ | ०.०१ | | | | | | | | | |
| ४२. | Ring-necked Pheasant | १ | ०.०१ | ०.०१ | | | | ०.०१ | | ०.०२ | | | | | | ०.०१ | ०.०१ | | | | | | | | | |
| ४३. | Rose Ringed Parakeet | १ | ०.०१ | ०.०१ | ०.०१ | | | ०.०२ | | | | | | | ०.०३ | | | | ०.०३ | | | | | | | |
| ४४. | Ruddy Shelduck | १ | ०.०२ | ०.०१ | | | | | | ०.०२ | | ०.०१ | | | | | ०.०१ | | | | | | | | | |
| ४५. | Sarus Crane | १ | | | | | ०.०२ | | | ०.०५ | ०.०५ | | | | | | ०.०३ | | | | | | | | ०.३५ | |
| ४६. | Sarus Crane chick | १ | | | | | | | | | | | | | | | | | | | | | | | ०.४० | ०.१० |
| ४७. | Scaly-breasted Munia | १ | | | | | | | | | | ०.०१ | | | | | | | | | | | | | | |
| ४८. | Senegal Parrot | १ | ०.०१ | ०.०१ | ०.०१ | | | ०.०२ | | | | | | | ०.०३ | | | | ०.०१ | | | | | | | |
| ४९. | Silver Pheasant | १ | ०.०२ | ०.०१ | | | ०.०२ | ०.०२ | | ०.०२ | | | | | | ०.०१ | ०.०२ | | | | | | | | | |
| ५०. | Speckled Pigeon | १ | ०.०३ | | | | ०.०२ | | | ०.०१ | | | ०.०१ | | | | ०.०१ | | | | | | | | | |
| ५१. | Sulpher Crested Cock. | १ | ०.०३ | ०.०१ | ०.०१ | | | ०.०४ | ०.०१ | | | | | | ०.०३ | ०.०२ | | | ०.०८ | | | | | | | |
| ५२. | Turkey Bird | १ | ०.०१ | ०.०१ | | | ०.०१ | | | ०.०२ | | | | | | ०.०१ | ०.०२ | | | | | | | | | |
| ५३. | White Cockatoo | १ | ०.०१ | ०.०१ | ०.०१ | | | ०.०३ | ०.०१ | | | | | | ०.०३ | ०.०२ | | | ०.०३ | | | | | | | |
| ५४. | White Pelican | १ | | | | | | | | | | | | | | | | | | | | | | | १.५० | |
| ५५. | White Stork | १ | | | | | | | | | | | | | | | | | | | | | ०.१५ | | ०.२० | |
| ५६. | Zebra Finch | १ | ०.०१ | | | | | | | | | ०.०१ | | | | | | | | | | | | | | |

## सरसृपहरुको आहारा पदार्थ र परिमाण (प्रति जनावर प्रतिदिन किलो ग्राममा)

| सि.नं. | प्रजातिको नाम | मौसमि सागपात | भैंसीको मासु | कुखुराको फुल (संख्या) | माछा | बच्चा मुसा | जिउँदो कुखुरा (संख्या) | जिउँदो कुखुराको चल्ला (संख्या) | कुखुराको मासु | Six-Seven HP Fish Formula | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Asiatic Rock Python | | | | | | ४.००० | | | | १ किलो कुखुरा प्रति हप्ता |
| २. | Asiatic Rock Python juvenile | | | | | ४.००० | | | | | प्रति हप्ता १ मुसा |
| ३. | Black Pond Turtle | | | | ०.०५० | | | | | | |
| ४. | Chinese Alligator | | ०.५०० | | ०.५०० | | | | | | |
| ५. | Cobra | | | | | | | ४०.००० | | | प्रति हप्ता १० चल्ला |
| ६. | Common Monitor Lizard | | ०.०५० | ०.५०० | | | | | ०.१०० | | |
| ७. | Golden Monitor LIzard | | | | | | | | | | |
| ८. | Gharial | | | | १.००० | | | | | | |
| ९. | Mugger Crocodile | | | | | | | | | | |
| १०. | Indian Roofed Turtle | | | | | | | | | ०.१५० | |
| ११. | Red Sand Boa | | | | | ४.००० | | | | | प्रति हप्ता १ मुसा |
| १२. | Red-eared Slider | | | | ०.०२५ | | | | ०.०२५ | | |
| १३. | Tricarinate Hill Turtle | ०.०२५ | | | | | | | | | |
| १४. | Yellow Headed Turtle | ०.०२५ | | | | | | | | | |

DRAFT

## अनुसूची-८

(दफा १७ को उपदफा (१), दफा २७ र दफा २९ को उपदफा (८) संग सम्बन्धित)

**चिडियाखाना/वन्यजन्तु उद्धार केन्द्र/वन्यजन्तु अस्पतालको लागि न्यूनतम न्यूनतम पूर्वाधार, जनशक्ति तथा पूँजी**

| (क) चिडियाखाना/प्राणी उद्यान | | | | |
|---|---|---|---|---|
| जग्गाको क्षेत्रफल | प्रजाति (सङ्ख्या) | आर्थिक पक्ष/स्रोत | जनशक्ति (कम्तीमा) | भौतिक पूर्वाधार |
| कम्तीमा पाँच हेक्टर नक्सा सहित | माछा, उभयचर, सरिसृप, पक्षी, स्तनधारी गरी कम्तीमा दश प्रजाति | व्यवसायिक कार्ययोजना (आन्तरिक, बाह्य) | १. पशु चिकित्सक एक जना<br>२. वन/वन्यजन्तु विज्ञ एक जना<br>३. क्युरेटर एक जना<br>४. पोषण विज्ञ एक जना<br>५. किपर एक जना<br>६. सुरक्षाकर्मी आवश्कता अनुसार<br>७. प्रशासन/लेखा एक जना<br>८. भण्डारण एक जना | कम्पाउण्ड वाल, कम्पार्टमेन्ट, भवन, ल्याब, वन्यजन्तु क्लिनिक, खानेपानीको प्रबन्ध, फोहोरमैला व्यवस्थापन, सुविधाहरु, वन्यजन्तु एम्बुलेन्स, प्राकृतिक बासस्थान, खाद्यान्नको उचित प्रबन्ध, भान्छा घर, उपचार केन्द्र आदि । |

| (ख) वन्यजन्तु, उद्धार केन्द्र र अस्पताल | | | |
|---|---|---|---|
| जग्गाको क्षेत्रफल | आर्थिक पक्ष / स्रोत | जनशक्ति (कम्तीमा) | भौतिक पूर्वाधार |
| कम्तीमा एक हेक्टर (नक्सा सहित) | आन्तरिक/ बाह्य | -१_ पशु चिकित्सक एक जना,<br>-२_ प्राविधिक सहायक दुई जना,<br>-३_ वन्यजन्तु प्राविधिक चार जना,<br>-४_ सुरक्षाकर्मी आवश्कता अनुसार<br>-५_ प्रशासन/लेखा एक जना<br>-६_ भण्डारण एक जना | सुविधा सम्पन्न भवन, ल्याब, एम्बुलेन्स, डार्ट गन, औषधी, रेफ्रिजेरेटर, क्लिनिक, केज, पिक अप भ्यान, पानीको स्रोत, फोहोरमैला व्यवस्थापन, भान्छा घर, उपचार केन्द्र आदि। |

DRAFT

अनुसूची-९

(दफा १८ को उपदफा (५) संग सम्बन्धित)

विपद्को समयमा आवश्यक पर्ने उपकरणहरूको विवरण

| सि. नं. | सामानको नाम | परिमाण | |
|---|---|---|---|
| १. | चार पाङ्ग्रे पिकअप गाडी | १ | |
| २. | मोटर साईकल | २ | |
| ३. | साईकल | ३ | |
| ४. | जेनेरेटर | १ | |
| ५. | विद्युतिय हिटर | ५ | |
| ६. | ईलेक्ट्रिक ड्रिल | १ | |
| ७. | प्रोटेवल बेल्डिङ्ग मेसिन | १ | |
| ८. | पानि तान्ने पम्प | १ | |
| ९. | ईमर्जेन्सि लाईट | ५ | |
| १०. | हाते आरो | १ | |
| ११. | चेन आरो | १ | |
| १२. | हेम्मर | १ | |
| १३. | फलामे गल | २ | |
| १४. | कोदालो | ५ | |
| १५. | बेल्चा | ५ | |
| १६. | बन्चरो | ३ | |
| १७. | तारकाटने यन्त्र, पाईप रेन्च | ३ | |
| १८. | किल्ला काँटी | १० किलो | |
| १९. | हाते ट्रली | ४ | |
| २०. | अलुमिनियम भर्याङ्ग | १ | |
| २१. | जनावर ढूवानी गर्ने फलामे खोरहरु | ५ | |
| २२. | जनावर नियन्त्रण गर्ने /चेप्ने खोर | १ | |
| २३. | जनावर पक्रने जाली | २ | |

DRAFT

अनुसूची-१०

(दफा २१ को उपदफा (१) संग सम्बन्धित)

<u>चिडियाखानामा शैक्षिक प्रदर्शनीको लागि वन्यजन्तु माग दरखास्त फाराम</u>

मितिः .................

श्री  राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,
बबरमहल, काठमाडौं ।

**<u>विषयः वैज्ञानिक अध्ययन/अनुसन्धान/शैक्षिक प्रदर्शनीको लागि वन्यजन्तु उपलब्ध गराई पाउँ ।</u>**

प्रस्तुत विषयमा चिडियाखानामा शैक्षिक प्रदर्शनीको लागि देहायको वन्यजन्तु प्रयोग गर्नु पर्ने भएकोले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० बमोजिम देहाय अनुसारका वन्यजन्तु प्रयोग गर्ने अनुमतिको लागि विस्तृत कार्ययोजना यसै साथ संलग्न राखी यो दरखास्त पेश गरेको छु ।

१. दरखास्तवालाको पूरा नाम, थर .........
२. ठेगाना : (क) स्थायी (ख) अस्थायी
३. नागरिकताः
४. वन्यजन्तु प्रयोग गर्नु परेको कारणः
५. प्रयोग गर्न चाहेको वन्यजन्तुको विवरणः-

| क्र.सं. | जात वा किसिम | सङ्ख्या वा परिणाम | वन्यजन्तु प्रयोग गरिने ठाउँ वा क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

<u>निवेदक</u>
दस्तखतः-
नामः-
स्थायी ठेगानाः-

DRAFT

अनुसूची-११

(दफा २१ को उपदफा (४) संग सम्बन्धित)

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

मितिः .............................

विषयः चिडियाखानामा शैक्षिक प्रदर्शनीको लागि वन्यजन्तु प्रयोग गर्ने अनुमतिपत्र ।

श्री .....................................

............................................।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १५, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ग. र चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना र संचालन मापदण्ड, २०८२ को दफा २१ बमोजिम मिति................. को निर्णयानुसार ................ देहाय बमोजिमको वन्यजन्तु तोकिएको शर्तको अधीनमा रही देहायका विवरण सहित वैज्ञानिक अध्ययन/ अनुसन्धान/ शैक्षिक प्रदर्शनीको लागि प्रयोग गर्न यो अनुमतिपत्र दिइएको छ ।

१. अनुमति प्राप्त गर्नेको नामः
२. ठेगानाः
३. संचालकको नाम र ठेगानाः
४. वैज्ञानिक अध्ययन/अनुसन्धान/शैक्षिक प्रदर्शनी स्थानः जिल्ला, .........गाउँपालिका/ नगरपालिका वडा नं.
५. जग्गाको विवरणः कि.नं. .................. क्षेत्रफल ...............
६. अनुमति बमोजिम राख्न पाउने वन्यजन्तुको विवरणः
७. अनुमतिको अवधिः..............

<u>शर्त</u>:-

(क)

(ख)

(ग)

**<u>अनुमति दिने अधिकारीकोः</u>**

दस्तखतः ...........................

नाम थरः ...............................

दर्जाः ...................................

मितिः ..................................

कार्यालयको छापः

DRAFT

अनुसूची-१२

(दफा २२ को उपदफा (१), दफा २८ को उपदफा (४) र दफा ३० को खण्ड (ठ) संग सम्बन्धित)

चिडियाखाना/ वन्यजन्तु उद्धार केन्द्र/ वन्यजन्तु अस्पतालमा रहेका वन्यजन्तुको प्राप्ति, जन्म, मृत्यु, पालनपोषण र उपचार सम्बन्धी अभिलेखको ढाँचा

क. वन्यजन्तुको प्राप्ति, जन्म, मृत्यु र स्थानान्तरण

| क्र सं | वन्यजन्तु प्रजाति | वैज्ञानिक नाम | सुरुवाती संख्या | | | | जन्म | | | | विदेश, अन्य चिडियाखाना वा उद्धारबाट प्राप्त | | | | मृत्यु | | | | स्थानान्तरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | M | F | U | T | M | F | U | T | M | F | U | T | M | F | U | T | M | F | U | T |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

M = Male, F = Female, U = Unsexed, T = Total

ख. वन्यजन्तु पालन पोषण सम्बन्धी विवरणः

ग. वन्यजन्तुको उपचार सम्बन्धी विवरणः

DRAFT

अनुसूची-१३

(दफा २५ को उपदफा (९) संग सम्बन्धित)

**वन्यजन्तु उद्धार तथा उद्धार पश्चात एक स्थानबाट अर्को स्थानमा लैजाँदा उद्धारकर्ताले राख्नु पर्ने अभिलेख**

**(क) वन्यजन्तुको उद्धार अभिलेखः**

१. वन्यजन्तुको नामः
२. भाले वा पोथीः
३. अनुमानित उमेरः
४. संख्याः
५. उद्दारको कारणः
६. उद्दारको समयः
७. उद्धार क्षेत्र (GPS Location सहित):
८. वन्यजन्तुको स्वास्थ्य अवस्थाः
९. वन्यजन्तुको नाप साईजः
१०. वन्यजन्तु उपचार सम्वन्धी विवरणः
११. उद्धार विधिः
१२. उद्धारमा खटिएको भएको जनशक्तिः
१३. उद्धारमा प्रयोग भएको उपकरणः
१४. उद्धारमा प्रयोग गरिएको औषधी र मात्रा (प्रयोगको समय सहित):
१५. प्राकृतिक वासस्थानमा छाडिएको वा उद्धार केन्द्रमा पठाईएकोः
१६. प्राकृतिक वासस्थानमा छाडिएको भए सो क्षेत्रको विवरण (GPS Location सहित):

**(ख) वन्यजन्तु उद्धार पश्चात एक स्थानबाट अर्को स्थानमा लैजाँदाको अभिलेखः**

१. एक स्थानबाट अर्को स्थानमा लैजाँदाको समयः
२. प्रयोग भएको खोरको विवरणः
३. प्रयोग भएको सवारी साधनः
४. खटिएको जनशक्तिः
५. ओसारपसारको क्रममा भएको उपचार र प्रयोग गरिएको औषधीः
६. ओसारपसारको क्रममा उपलव्ध गराईएको खाना, पानीः
७. वन्यजन्तु राखिएको उद्धार केन्द्रः

DRAFT

अनुसूची - १४

(दफा ३० को खण्ड (छ) संग सम्बन्धित)

<u>वन्यजन्तु लठ्याउन र उपचारका लागि प्रयोग गरिने साधन वा उपकरणहरु</u>

| क्र.सं. | वन्यजन्तु प्रजाति | प्रयोग गर्नुपर्ने उपकरण | औषधी |
|---|---|---|---|
| १ | बाघ, चितुवा, भालु, हात्ती, गैंडा, हुँडार, बाँदर जस्ता स्तनधारी प्रजाति | पि.पि.इ (मास्क, पञ्जा, जुत्ता, चस्मा, हेलमेट आदि), डार्ट गन, टेप, खोर, स्ट्रेचर, भित, एम्बुलेन्स, सवारी साधन, प्राथमिक उपचार बक्स, कपडा, स्लेज, डोरी | पशु चिकित्सकको सल्लाह बमोजिम |
| २ | सरिसृप, उभयचर, चरा | पि.पि.इ (मास्क, पञ्जा, जुत्ता, चस्मा, हेलमेट आदी) प्राथमिक उपचार बक्स, बोरा, डोरी, जाल, प्लाष्टिक ट्युव, Snake Tongs, Snake hooks, Mist Net, कपडा, डोरी, खोर, ट्र्याप, सवारी साधन | पशु चिकित्सकको सल्लाह बमोजिम |

DRAFT

अनुसूची - १५

(दफा ३१ को उपदफा (३) संग सम्बन्धित)

<u>चिडियाखान, उद्धार केन्द्र तथा वन्यजन्तु अस्पतालको अनुगमन फाराम</u>

मितिः ............................

चिडियाखानाको नामः ............................

अनुगमन टोलीः ............................

१. वन्यजन्तु  कल्याण (Animal Welfare)

| क.सं. | अनुगमन सूचक | टिप्पणी / विवरण |
|---|---|---|
| १ | खाना र पानीको व्यवस्था-जनावरहरूले पर्याप्त र उपयुक्त पोषण र पानी पाएका छन्? | |
| २ | बासस्थलको अवस्था-बासस्थल सफा, सुरक्षित र मनोरञ्जक छन्? सकेसम्म प्राकृतिक आवास जस्तै? | |
| ३ | स्वास्थ्य र पशु चिकित्सकीय सेवा-नियमित स्वास्थ्य परीक्षण र आवश्यक पर्दा पशु चिकित्सकको पहुँच छ? | |
| ४ | व्यवहारगत अनुगमन-जनावरहरूले सामान्य व्यवहार देखाइरहेका छन् वा तनाव वा असामान्य व्यवहार छ? | |
| ५ | प्रजाति-विशेष आवश्यकताहरू-सामाजिक, वातावरणीय आदि आवश्यकता पूरा भइरहेका छन्? | |

२. बासस्थल र पूर्वाधार (Enclosure and Facilities)

| क.सं. | अनुगमन सूचक | टिप्पणी / विवरण |
|---|---|---|
| १ | बासस्थलको डिजाइन र मर्मत-बासस्थल संरचनात्मक रूपमा सुरक्षित र राम्रोसँग मर्मत गरिएको छ? | |
| २ | सुरक्षा र नियन्त्रण-जनावर भाग्न वा अनधिकृत प्रवेश रोक्न पर्याप्त व्यवस्था छ? | |
| ३ | आवास समृद्धि (Habitat Enrichment) — प्राकृतिक व्यवहार प्रोत्साहन गर्ने तत्वहरू छन्? | |
| ४ | सफाइ र सरसफाइ-बासस्थल नियमित रूपमा सफा र कीटाणु नाश (disinfection) गरिएको छ? | |

३. आगन्तुक सुरक्षा (Visitor Safety)

| क.सं. | अनुगमन सूचक | टिप्पणी / विवरण |
|---|---|---|

| | | |
|---|---|---|
| १ | सार्वजनिक सुरक्षा-स्पष्ट बाटो, अवरोध र सूचना-पाटी (signage) छन्? | |
| २ | आकस्मिक प्रक्रिया-जनावर भाग्ने, चिकित्सकीय समस्या आदि अवस्थामा स्पष्ट कार्यविधि छ? | |
| ३ | आगन्तुक शिक्षण -जनावर र चिडियाखानाको मिशनबारे जानकारी उपलब्ध छ? | |

४. व्यवस्थापन र सञ्चालन (Management and Operations)

| क्र.सं. | अनुगमन सूचक | टिप्पणी / विवरण |
|---|---|---|
| १ | रेकर्ड राख्ने — जनावर स्वास्थ्य, जन्म, मृत्यु आदि रेकर्ड सही र अद्यावधिक छन्? | |
| २ | कर्मचारी तालिम — कर्मचारी जनावर हेरचाह, प्रथम उपचार र आकस्मिक प्रक्रियामा तालिम प्राप्त छन्? | |
| ३ | संरक्षण र अनुसन्धान — चिडियाखाना संरक्षण र अनुसन्धानमा संलग्न छ? | |
| ४ | वित्तीय व्यवस्थापन — चिडियाखाना आर्थिक रूपमा स्थिर र दिगो छ? | |

५. अन्य विचारणीय पक्ष (Other Considerations)

| क्र.सं. | अनुगमन सूचक | टिप्पणी / विवरण |
|---|---|---|
| १ | कानुनी पालना — चिडियाखाना स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनअनुसार सञ्चालनमा छ? | |
| २ | वातावरणीय दिगोपन — चिडियाखाना वातावरणमैत्री र दिगो ढंगले सञ्चालन भइरहेको छ? | |

थप टिप्पणीहरू:

..................................................................................

सिफारिस गरिएका सुधारात्मक कदमहरू:

..................................................................................

अनुगमन टोलीको हस्ताक्षर:

.........................................................

DRAFT

अनुसूची - १६

(दफा ३२ को उपदफा (१) संग सम्बन्धित)

<u>वन्यजन्तु मृत्यु भएमा खडा गरिने मुचुल्काको ढाँचा</u>

लिखितम् तपसिलका मानिसहरू आगे …………………चिडियाखानामा मिति……….गते ल्याएको ………….वर्षको तपसिल बमोजिम विवरण भएको ………….प्रजाति मिति…………..समय…………मा तपसिल बमोजिमको स्थानमा मृत्यु भएको पाईयो। सो ………प्रजातिलाई जि.पि.एस. लोकेसन भएको………….मा लगि पोष्टामार्टम गरी जि.पि.एस. लोकेसन…………मा लम्बाई…………मिटर, चौडाई……….मिटर र गहिराई……….मिटरको खाडलमा उक्त……….लाई पुरी यो सरजमिन मुचुल्का तयार गरी पढी, सुनी मुचुल्का उपर सहिछाप गरिदियौं।

<u>तपसिल</u>

१. प्रजातिः
२. उमेरः
३. प्रजाति ल्याईएको स्थानः
४. मृत्यु भएको स्थानको रफ स्केचः
५. टाउकोदेखि पुच्छरसम्मको लम्बाईः
६. पुच्छरको लम्बाईः
७. गर्धनको गोलाईः
८. हर्ट गर्थको गोलाईः
९. उचाई
१०. आखेटोपहारको नापः

<u>साक्षी रोहबरः</u>

१. जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि-१
२. नजिकको डिभिजन वन कार्यालयको प्रतिनिधि-१
३. चिडियाखाना रहेको स्थानिय तहको प्रतिनिधि-२
४. चिडियाखानाको कर्मचारी-५
५. भेटेरीनरी अधिकृत- १

ईति सम्वत् ………..साल……..महिना……..गते रोज……..शुभम्।

DRAFT